# आर्थिक संस्कार

राष्ट्रिय साप्ताहिक

वर्ष १४ अङ्क २४० माघ ०५, २०८१, शनिवार ने.से ११४५ पृष्ठ८ आर्थिक संस्कार 18 January, 2025, Saturday Price Rs 5/- www.aarthiksanskar.com


## पाकिस्तानका पूर्वप्रधानमन्त्री खानलाई भ्रष्टाचार मुद्दामा १४ वर्षको जेल सजाय



■ आर्थिक संस्कार

पाकिस्तानको एक अदालतले पाकिस्तानका पूर्व प्रधानमन्त्री इमरान खान र उनका पत्नी बुशरा बीबीलाई भ्रष्टाचारको मुद्दामा दोषी ठहर गरेको छ । फैसलामा खानलाई १४ वर्षको जेल सजाय सुनाएको छ ।

न्यायाधीश नासिर जावेद राणाले फैसलाबारे भने, 'अभियोजन पक्षले आफ्नो मुद्दा प्रमाणित गरेको छ । खानदोषी ठहरिएका छन् ।'

खानका पत्नी बीबीलाई सात वर्षको जेल सजाय सुनाइएको छ । भ्रष्टाचार विरोधी अदालतले खानलाई राखिएको राजधानी इस्लामावाद नजिकैको जेलमा भएको सुनुवाईपछि फैसला सुनाएको हो ।

उनीहरूले मिलेर स्थापना गरेको अल–कादिर ट्रस्ट नामक कल्याणकारी फाउन्डेसनका नाममा भएको आर्थिक अनियमितताका कारण उनीहरूलाई दोषी ठहर गरिएको फैसलामा उल्लेख छ ।

खान सन् २०२३ को अगष्टदेखि जेलमा छन् र उनीमाथि करिब २०० वटा मुद्दा लगाइएका छन् । ती मुद्दा उनलाई सत्तामा फर्कनबाट रोक्नका लागि राजनीतिक प्रतिशोधबाट प्रेरित भएको दावी खानले गरेका छन् ।

उनका पत्नी बुशरा बीबी हालसालै जेलबाट रिहा भएका थिए भने उनलाई फैसलापछि शुक्रबार अदालतबाटै पक्राउ गरिएको छ । शुक्रबार बिहान दालतको सुनुवाइमा भाग लिन उनी खानलाई राखिएको जेलमा उपस्थित भएका थिए ।

## वैदेशिक अध्ययनमा मात्रै ४७ अर्ब ३४ करोड खर्च




■ आर्थिक संस्कार

देशभित्रै सुविधासम्पन्न विश्वविद्यालय र शैक्षिक संस्थानहरू सञ्चालनमा रहेको भए पनि विदेशमा अध्ययन गर्न चाहने विद्यार्थीको सङ्ख्या उस्तै रहेको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार चालु आर्थिक वर्षको पाँच महिनामा नेपाली विद्यार्थीले विदेशी शैक्षिक कार्यक्रमका लागि मात्रै रू ४७ अर्ब ३४ करोड बराबरको खर्च गरेका छन् ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरणअनुसार भ्रमण व्यय १२ दशमलव दुई प्रतिशतले वृद्धि भई रू ८५ अर्ब एक करोड पुगेको छ ।

त्यसमध्ये शिक्षातर्पmको व्यय रू ४७ अर्ब ४१ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रू ७५ अर्ब ७३ करोड रहेको थियो ।

गत मङ्सिर मसान्तसम्म खुद सेवा आय रू ४० अर्ब ७१ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रू २६ अर्ब ५५ करोडले घाटामा रहेको थियो ।

सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय तीन दशमलव एक प्रतिशतले वृद्धि भई रू ३५ अर्ब १९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रू ३४ अर्ब १२ करोड रहेको थियो ।

## निफमा ४० देशका ८७ फिल्म देखाइने




■ आर्थिक संस्कार

नेपाल अन्तराष्ट्रिय चलचित्र महोत्सव (निफ)मा ४० देशका ८७ वटा फिल्म प्रदर्शन गरिने भएको छ ।

आयोजक संस्था नेपाल फिल्म एण्ड कल्चरल एकेडेमीले महोत्सवमा देखाइने चलचित्रको सर्टलिस्ट सार्वजनिक गर्दै सो जानकारी गराएको हो । आगामी चैत ७ देखि ११ गतेसम्म चल्ने महोत्सवमा भारत, चीन, क्यानडा, सिंगापुर, ब्राजिल, इरान, बंगालादेश, बेल्जियम, न्युजील्याण्ड लगायत देशका चलचित्र र कलाकारहरुले सहभागिता जनाउँदैछन् ।

दर्शकहरुले सिभिल मल र छायाँ सेन्टरमा आफ्नो अनुकूल चलचित्र हेर्न सक्ने आयोजकले जनाएको छ । त्यस्तै, पर्यटन बोर्ड र राष्ट्रिय सभा गृहमा विभिन्न छलफलका सत्रहरु सञ्चालन हुने बताइएको छ ।

महोत्सवको अन्त्यमा एउटा उत्कृष्ट चलचित्रले गौतम बुद्ध अवार्डसहित १५ सय अमेरिकी डलर पाउनेछ । त्यस्तै, उत्कृष्ट वृत्त चलचित्रले एक हजार डलर र उत्कृष्ट लघु चलचित्रलले पाँच सय डलर पाउनेछन् ।

## गरिबी निवारण कोषको १९ अर्ब गायब

■ आर्थिक संस्कार




गरिबी निवारण कोष खारेज भएको तीन वर्ष बितिसक्यो। कोषको काम रोक्का भएको त ६ वर्ष पुगिसक्यो। घुम्ती कोष, सामुदायिक साझेदारी कोष, भौतिक पूर्वाधार र कार्यक्रम सञ्चालन भएका सामुदायिक संस्थाको नाममा गरी गरिबी निवारण कोषले २०७५ पुससम्ममा १९ अर्ब ३७ करोड लगानी गरेको थियो। यो रकम अहिले कता छ भन्ने संघीय सरकारलाई पनि थाहा छैन।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले बल्ल रकम कहाँ गयो भनेर खोज्न थालेको छ। मन्त्रालयले २०८१ मंसिर १२ मा काटेको पत्रमा कोषको कार्यक्रम सञ्चालन भएका स्थानीय तहको नाम, स्थानीय तहको सम्पर्क व्यक्तिको नाम-थर, पद र सम्पर्क नम्बर, सामुदायिक संस्थाको नाम, सामुदायिक संस्थाको ठेगाना, सञ्चालनमा रहेका नरहेका, घुम्ती कोषको अवस्था, आबद्ध व्यक्तिको सङ्ख्या र संस्थाको सम्पर्क व्यक्तिहरूको नाम-थर र ठेगाना सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग माग गरेको छ।

यो विवरण सामान्य प्रशासन मन्त्रालयसँग समेत छैन। मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीले सो रकममा कसरी काम भइरहेको छ भन्ने मन्त्रालयलाई थाहा नभएको बताए।'गरिबी निवारण कोषको रकम बारेको विस्तृत जानकारी मन्त्रालयलाई छैन। भूमि मन्त्रालयले मागेको छ। हामीले कार्यक्रम सञ्चालन भएका स्थानीय तहलाई पत्राचार गरेका छौँ। विवरण आइपुगेको छैन' पराजुलीले भने।

कोष खारेज हुँदा ६४ जिल्ला र ५ सय ५१ पालिकामा कार्यक्रम सञ्चालनमा थिए। देशभर सामुदायिक संस्थाको सङ्ख्या ३२ हजार २ सय ७६ थिए भने लाभान्वित घर धुरीको सङ्ख्या ८७ लाख ९ हजार ८ सय ३९ थिए।

गरिबी निवारण कोषले दुई तरीकाले लगानी गर्ने गरेको देखिन्छ। समुदायको औसत १० प्रतिशत लगानी हुन्थ्यो भने कोषको औसत ९० प्रतिशत।

## सरकारले दुई अर्ब बराबरको सम्पत्ति जफत गर्दै




■ आर्थिक संस्कार

सरकारले दुई अर्ब बराबरको सम्पत्ति जफत गर्ने भएको छ। भ्रष्टाचारबाट आर्जन गरेको सम्पत्ति सरकारका नाममा फिर्ता ल्याउन गृह मन्त्रालय सक्रिय बनेको हो। सर्वोच्च अदालतबाट जफत हुने भनेर फैसला भएका घरजग्गा सरकारको नाममा ल्याउने प्रस्ताव गृह मन्त्रालयमार्फत मन्त्रिपरिषद् पठाइएको कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागका महानिर्देशक सुरेश पन्थीले जानकारी दिए।

'पाँच जना पूर्वप्रशासक र आपराधिक गतिविधिबाट एक भारतीले नेपालमा खरिद गरेको घरजग्गा जफतका लागि प्रस्ताव पठाइएको छ। हामीले अदालतबाट सोसम्बन्धी भएका फैसलाको लगत संकलनका लागि शाखा अधिकृतको नेतृत्वमा पाँच वटा समूह बनाएर खटाएका छौं,' महानिर्देशक पन्थीले भने। उनले सम्पत्ति जफतसम्बन्धी विभिन्न अदालतबाट तीन हजार पाँच सय फैसला भएको जानकारी दिए।

महानिर्देशक पन्थीले दुई अर्ब बराबरको सम्पत्ति जफतको तयारीमा रहेको बताए। पहिलो चरणमा पाँच पूर्वप्रशासकको काठमाडौं उपत्यकाका विभिन्न स्थानमा भ्रष्टाचारबाट आर्जन गरेको सम्पत्ति जफतको प्रक्रिया अघि बढाइएको बताए। अदालतबाट फैसला भइ जफत गर्नुपर्ने घरजग्गा लामो समयदेखि कसूरदारहरूले नै प्रयोग गर्दै आएको अवस्थामा मन्त्रालयले जफत गर्ने कार्यलाई सक्रियताका साथ अघि बढाएको गृहमन्त्रालयले जनाएको छ।

कसुरजन्य सम्पत्ति जफतसम्बन्धी ऐनअनुसार सर्वोच्चबाट फैसला भएअनुसारका घरजग्गा जफत गरी सरकारको नाममा ल्याउने कार्य तीव्र गतिमा बघि बढाइने महानिर्देशक पन्थीको भनाइ छ।कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागका अनुसार पुर्वप्रशासक, कर्मचारी तथा परिवारका सदस्यहरू, आमोनन्द मिश्र, सरस्वती ढुङ्गाना, मुरारी बहादुर कार्की, केशरजंग खड्का र रामात्रा चर्तुबेदीको काठमाडौं उपत्यकाका विभिन्न स्थानमा रहेको घरजग्गा जफत गर्ने प्रक्रिया मन्त्रिपरिषद्मा पुगेको हो। त्यस्तै आपराधिक गतिविधिबाट एक भारतीयले नेपालमा खरिद गरेको घरजग्गा पनि जफतका लागि मन्त्रिपरिषद्मा प्रस्ताप पेस भएको छ।

विगतमा अपराधिक गतिविधिमा संलग्न भारतको असाम राज्यका निरञ्जन होजाईले नेपाली महिलाको नाममा काठमाडौंमा राखेको जग्गा र घर जफतका लागि गृह मन्त्रालयले अघि बढेको हो। डेढ वर्षअघि कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले सो घर खाली गराए पनि सरकारको नाममा आउन नसकेको महानिर्देशक पन्थीले बताए।

'होजाईसँग विवाह गरेकी सरिता गिरीको नाममा सो घरजग्गा छ। होजाईले नेपालमा निर्मल राईको नाममा नागरिकता लिई आफ्नो पहिचान लुकाएर आतंकवाद/अपराधिक गतिविधिको पैसा ल्याएका थिए। सिन्धुपाल्चोककी सरितासँग बिहे गरी उनी र उनको परिवारको नाममा सम्पत्ति लुकाएको अनुसन्धानमा भेटिएपछि मुद्दा दायर भएको थियो,' उनले भने।

कसूरजन्य सम्पत्तिको जफतको कामलाई तीव्रता दिइने बताउँदै विभागका महानिर्देशक पन्थीले केही कसुरजन्य सम्पत्ति जफतका लागि प्रक्रिया अघि बढिसकेको जानकारीसमेत दिए।

'जफतको ठहर भएका घरजग्गा लिलामी गर्ने वा सरकारको नाममा ल्याउने दुवै विकल्प कानुनले दिएको छ। भ्रष्टाचारसम्बन्धी मुद्दामा जफत गर्न लागिएका घरजग्गा भने सरकारको नाममा ल्याएर सरकारी प्रयोजनमा प्रयोग गरिनेछ,' उनले भने।

## सरकारी खर्च चलाउन ऋणको भर, पुस मसान्तसम्म उठाइयो साढे २ खर्ब




■ आर्थिक संस्कार

सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिना (साउन–पुस) मा करिब साढे २ खर्ब रुपैयाँ सार्वजनिक ऋण लिएको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार पुस मसान्तसम्म सरकारले १ खर्ब ८१ अर्ब ५ करोड रुपैयाँ आन्तरिक ऋण उठाएको छ । यस बीचमा ५९ अर्ब ३ करोड रुपैयाँ वाह्य ऋण प्राप्ति भएको कार्यालयले जनाएको छ ।

यसरी ६ महिनामा २ खर्ब ४० अर्ब ८ करोड रुपैयाँ बराबर सार्वजनिक ऋण उठाइएको कार्यालयको आँकडा छ । लक्ष्य अनुसार राजस्व उठ्न नसक्दा सरकारले ऋण तिर्न र पूँजीगत प्रकृतिको खर्चका लागि ऋणकै भर पर्नुपर्ने अवस्था छ । राजस्वले चालु प्रकृतिको मात्र खर्च धान्न सक्ने अवस्था देखिएको छ ।

२५ खर्ब ३६ अर्ब पुग्यो सार्वजनिक ऋण

नेपालको सार्वजनिक ऋणले २५ खर्ब ३६ अर्बको नेटो काटेको छ । अघिल्लो आव अन्तिम (असार मसान्त) सम्म २४ खर्ब ३४ अर्ब रुपैयाँ रहेको सार्वजनिक ऋण यस वर्ष ६ महिनामै २५ खर्ब ३६ अर्बभन्दा माथि पुगेको हो ।

कार्यालयका अनुसार चालु आव ६ महिनामा आन्तरिक ऋण १२ खर्ब ३४ अर्ब ७१ करोड र वाह्य ऋण १३ खर्ब १ अर्ब रुपैयाँ नाघेको छ ।

यसबीच सरकारले सार्वजनिक ऋण भुक्तानीमा १ खर्ब ४९ अर्ब रुपैयाँ खर्च गरेको छ । प्राप्ति साढे २ खर्ब रुपैयाँ हाराहारी गरे पनि भुक्तानी समेत करिब डेढ खर्ब पुग्दा सार्वजनिक ऋणको खुद वृद्धि भने १ खर्ब रुपैयाँमात्र रहेको छ । यसमा विनिमय दरमा आएको उतार चढावको असरले ११ अर्ब ६१ करोड दायित्व थप भएको देखिएको छ ।

कार्यालयका अनुसार नेपालमा कुल गार्हस्थ उत्पादन (जीडीपी) को तुलनामा सार्वजनिक ऋण अब ४४.४६ प्रतिशत पुगेको छ । यसमा आन्तरिक ऋणको हिस्सा २१.६४ प्रतिशत र वाह्य ऋण जीडीपीको अनुपातमा २२.८१ प्रतिशत रहेको देखिएको छ ।

केही अगाडिसम्म आन्तरिक ऋण हिस्सा बढी रहेकोमा सरकारले बढी भुक्तानी गर्दा वाह्य ऋण जीडीपीको तुलनामा माथि रहेको देखिएको हो ।

आन्तरिक ऋण उठाइयो ५० प्रतिशतभन्दा माथि सरकारले चालु आव कुल ५ खर्ब ४७ अर्ब रुपैयाँ आन्तरिक ऋण उठाउने लक्ष्य राखेको छ । यसमा आन्तरिक ऋण ३ खर्ब ३० अर्ब र वाह्य ऋण २ खर्ब १७ अर्ब उठाउने लक्ष्य छ ।

पुस मसान्तसम्म उठाइएको आन्तरिक ऋण १ खर्ब ८१ अर्ब रुपैयाँ कुल लक्ष्यको ५४.८६ प्रतिशत हो । वाह्य ऋण भने लक्ष्यको २७.२० प्रतिशत मात्र उठेको छ । कुल ऋण प्राप्ति लक्ष्यको ४३.८९ प्रतिशत छ । वाह्य ऋण प्राप्ति पूँजीगत खर्चमा बढी निर्भर रहन्छ ।

ऋणको ब्याज र साँवामा कति खर्च ?

सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीका लागि सरकारले ४ खर्ब २ अर्ब रुपैयाँ खर्च गर्ने लक्ष्य राखेको छ । पुस मसान्तसम्म १ खर्ब ८२ अर्ब ४० करोड खर्च भइसकेको छ । यो विनियोजनको तुलनामा ४५.२८ प्रतिशत रहेको छ ।

यसबीच आन्तरिक ऋणको ब्याज भुक्तानीमा २७ अर्ब ९५ करोड र साँवा भुक्तानीमा १ खर्ब २७ अर्ब रुपैयाँ खर्च भएको छ । वाह्य ऋणको साँवा भुक्तानीमा २२ अर्ब २० करोड र ब्याज भुक्तानीमा ४ अर्ब २७ करोड खर्च भएको कार्यालयको तथ्यांक छ ।

## ६० करोड पर्ने खाद्य संस्थानको जग्गा एक करोडमा किनबेच


■ आर्थिक संस्कार

नेपाल खाद्य संस्थान तथा व्यापार कम्पनी लिमिटेडको नाममा रहेको ६० करोड मूल्य बराबरको जग्गा एक करोड २० लाखमा कारोबार भएको भेटिएको छ । म्याग्दीको बेनी बजारमा रहेको सो जग्गा कौडीको भाउमा बेचिएको पाइएको हो । त्यति बेला संस्थानका महाप्रबन्धक बेनीबहादुर रावल थिए।

नेकपा माओवादीका केन्द्रीय सदस्य गोविन्द पौडेलको अगुवाइमा म्याग्दीस्थित बेनी बजारको तत्कालीन नेपाल खाद्य संस्थानको नाममा रहेको कित्ता नं २ खं १७९ र २ ख ३६४ को जग्गा कौडीको भाउमा किनबेच भएको पाइएको हो । नेकपा माओवादीका म्याग्दी इन्चार्ज समेत रहेका पौडेल २०६४ सालको संविधान सभा सदस्य रहेका थिए ।


पौडेलसहित प्रदीप सापकोटा, मीनबहादुर कार्की, नरेन्द्र कुमार श्रेष्ठ, र विष्णु प्रसाद गौतमको नाममा रजिष्ट्रेशन पास गर्न गरिएको मान्यूट नै नागरिकले फेला पारेको छ ।

खाद्य संस्थानबाट हेटौंडाका नरोत्तम दाहालमार्फत बेनी नगरपालिका–२ खवराका प्रदीप सापकोटाले साविकको अर्थुङ्गे गाविस–२ (ख) कित्ता नं १७९ क्षेत्रफलका २–५ ३–३ र ३६४ कित्ताको १–६–१–२ को जग्गा ५ भाग बनाएर एक भाग दोस्रो पक्ष अर्थात नेकपा माओवादी केन्द्रलाई दिने लिखित सहमति भएको थियो। तत्कालीन नेकपा (माओवादी पार्टी) शान्ति प्रक्रियामा आएसँगै उक्त खाद्य संस्थानको भवन र जमिन प्रयोग गरेर पार्टी कार्यालय सञ्चालन गर्दै आएको थियो।



■ आर्थिक संस्कार





An Editorial:

# Nepal – Once is Not Enough.

Nepal, geographically nestled between two global giants, China and India, has long been recognized as an international tourist hub with the slogan "Once is Not Enough." Despite its immense potential, Nepal has struggled to meet its ambitious tourism targets. For instance, while the government aimed for 1.6 million tourist visits this year, only 1.147 million arrivals were recorded so far. A 20% year-on-year growth target underscores the country's aspirations, yet challenges remain in fully leveraging its tourism capacity.

With a total occupancy capacity of 13 million in upgraded and new international airports and connections to 29 cities in 16 countries, Nepal has built the infrastructure to support a robust tourism sector. However, insufficient tourist inflow, even from key outbound markets like China, India, Japan, South Korea, and the Middle East, remains a pressing issue.

Tourism is a vital pillar for Nepal's economy, offering the potential to boost foreign currency earnings, generate employment, and increase national revenue. Nepal Tourism Board (NTB), a key institution in this sector, has been working toward these goals. However, progress may be hindered by factors such as political instability, insufficient global marketing, and competition from neighboring countries.

Nepal boasts unique attractions, including breathtaking natural landscapes, rich cultural heritage, and unparalleled hospitality. These are key strengths that can make a remarkable benefits to the nation. Let's hope for the best.

Rajesh Maharjan
Editor

## प्रहरीको केन्द्रीय प्रवक्तामा डिआइजी आचार्य



■ आर्थिक संस्कार

नेपाल प्रहरीको केन्द्रीय प्रवक्तामा प्रहरी नायब महानिरीक्षक (डिआइजी) दिनेशकुमार आचार्य भएका छन्।
यसअघि लागु औषध नियन्त्रण ब्युरोको प्रमुख रहेका आचार्यको एसएसपीबाट डिआइजीमा बढुवा भएपछि महानिरीक्षकको सचिवालयमा आएका हुन्।
सचिवालयमा आएसँगै उनले प्रवक्ताको जिम्मेवारी पाएका हुन्। उनी पुस १८ गते डिआइजीमा बढुवा भएका हुन्।
यसअघि एसएसपी विश्व अधिकारी केन्द्रीय प्रवक्ताको जिम्मेवारीमा थिए। उनी पनि हाल सचिवालयमै कार्यरत छन्।


Aarthik Sanskar

## हाम्रो टिम

प्रबन्ध निर्देशक: राज भाई श्रेष्ठ
मुख्य सम्पादक: शिव दाहाल
सम्पादक: राजेश महर्जन
वैदेशिक मामिला र राजनीति: चिरञ्जीवी ढुंगाना
कानुनी सल्लाहकार: वरिष्ठ अधिवक्ता ईश्वर राज ढकाल
विज्ञापन: पिंक रोज एडभर्टाइजिङ्ग सर्भिस, महाराजगञ्ज, काठमाडौं
रिपोर्टर: यशोदा खनाल
रिपोर्टर: रश्मी श्रेष्ठ
लेखा: मुनिज मान श्रेष्ठ
डिजिटल: सुलभ भट्टराई
डिजिटल: सुजन पोखरेल
प्रकाशक: ओम अफसेट प्रिन्टिङ्ग हाउस, बागबजार, काठमाडौं महानगरपालिका, महाराजगञ्ज, वडा नं. ३,काठमाडौं
फोन: ०१-४७२०५५६

## नेपाली सेनाको अधिकृत हुँ भन्दै ठगी गर्ने राजु कार्की प्रहरीको नियन्त्रणमा



काठमाण्डौं उपत्यका अपराध अनुसन्धान कार्यालय
टेकु, काठमाण्डौं
Press Release
Kathmandu Valley Crime Investigation Office, Teku, Kathmandu

"नेपाली सेनाको अधिकृत हुँ भनी झुक्याई ठगी गर्ने व्यक्ति पक्राउ"

घटना विवरण:
जिल्ला रामेछाप मन्थली न.पा. वडा नं. ०३ स्थायी वतन भएका वर्ष ३० का राजु कार्कीले पीडित पक्षलाई आफू नेपाली सेनाको अधिकृत हुँ, तपाईसंग भएको सुनका गरगहना धितो राखि सो रकम मलाई दिनुहोस, मसंग भएको जग्गा जमिन तपाईको नाममा पास गरिदिन्छु, भनी झुठ्ठा बिश्वास दिलाई रु. ३,००,०००|- (तिन लाख) रकम लिई फरार भएको घटना सम्बन्धमा यस कार्यालयको मातहतमा कार्यरत PRCB ललितपुरबाट खटि गएको प्रहरी टोलिले निजलाई फेला पारी पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर, जावलाखेल, ललितपुर पठाईएको।

पक्राउ व्यक्तिको विवरण:
१. नाम : राजु कार्की
उमेर : ३० वर्ष
ठेगाना : जिल्ला रामेछाप मन्थली न.पा. वडा नं. ०३
हाल : जिल्ला भक्तपुर मध्यपुर ठिमी न.पा.०४ थिमी

बरामद सामानहरु:-
१) राष्ट्रिय वाणिज्य बैंकको चेक थान -१
२) मोबाईल थान-२
३) नगद रु.९००० |-
४) बा.प्र.०२.०३४ प ४५१० नं.को स्कुटर थान-१

सुचना अधिकारी
काजी कुमार आचार्य
(प्रहरी उपरीक्षक)
सम्पर्क नम्बर :- ९८५१२८१२०१/९८५१२८००१३
mpcdspokesperson@gmail.com

मिति २०८१।१०।०४ गते।
ने.सं.११४५ पोहेलाथ्व ४, शुक्रबार।

■ आर्थिक संस्कार

नेपाली सेनाको अधिकृत हुँ भन्दै झुटो परिचय दिएर ठगी गर्ने एक व्यक्ति पक्राउ परेका छन् ।
पक्राउ पर्नेमा रामेछाप मन्थली नगरपालिका वडा नं। ३ स्थायी घर भएका ३० वर्षीय राजु कार्की रहेका छन् । निज कार्कीले पीडितलाई नेपाली सेनाको अधिकृत भएको झुटो विश्वास दिलाई पीडितका सुनका गहना धितो राखेर ३ लाख रुपैयाँ लिएर फरार भएका थिए ।

घटनाको अनुसन्धान गर्ने क्रममा ललितपुरस्थित प्रहरी अनुसन्धान टोली (PRCB)ले निज कार्कीलाई पक्राउ गरेको हो । पक्राउ परेपछि उनलाई थप अनुसन्धान र कानूनी प्रक्रिया अघि बढाउन जिल्ला प्रहरी परिसर, जावलाखेल, ललितपुर पठाइएको छ ।




## टिकटक अमेरिकामा प्रयोगकर्ताका लागि बन्द, एप्पल र गुगल स्टोरबाट हटाइयो

राष्ट्रपति निर्वाचित डोनाल्ड ट्रम्पले सोमबार आफ्नो कार्यभार सम्हालेपछि टिकटकमाथि लगाइएको प्रतिबन्धबाट "अत्यधिक सम्भावनापूर्वक" ९० दिनको समय दिन सक्ने बताएका छन्।
उनको यो भनाइ टिकटकले आफ्नो एपमा प्रयोगकर्ताहरूका लागि पोस्ट गरिएको सूचना मार्फत उल्लेख गरेको छ। ट्रम्पको यो वाचा टिकटकको भविष्यका लागि केही समयको राहतको संकेत हुन सक्छ।
यो निर्णय अमेरिकी सरकारले टिकटकलाई चिनियाँ कम्पनी बाइटडान्ससँग जोडिएको भन्दै राष्ट्रिय सुरक्षा चिन्ताका कारण प्रतिबन्ध लगाउने तयारी गरिरहेका बेला आएको हो।

यदि ९० दिनको समय दिइयो भने, यो टिकटकका लागि थप विकल्पहरू खोज्ने अवसर हुन सक्छ।
अब राष्ट्रपति ट्रम्पले सोमबार आफ्नो पद सम्हालेपछि यसबारे आधिकारिक निर्णय दिने अपेक्षा गरिएको छ।

नेपाली टिकटोक प्रयोगकर्ता र "न्यूजफ्लुएन्सर" जो एन्डालोरो, जसको टिकटोक ह्यान्डल @joy.of.everything छ, क्यालिफोर्नियाको कल्भर सिटीमा स्थित टिकटकको अमेरिकी मुख्यालय बाहिर जनवरी १८, २०२५ मा एक टिकटोक भिडियो खिचिरहेका छन्। रॉयटर्स

## आजै ७० अर्ब बैंकिङ प्रणालीमा फर्किने भएपछि ६० अर्ब तान्दै राष्ट्र बैंक



बैंकहरू कर्जा लगानी बढाउन नसकेपछि राष्ट्र बैंकले प्रणालीबाट पटक पटक पैसा तानिरहेको छ।
आइतबार पनि राष्ट्र बैंकले ६० अर्ब रूपैयाँ उठाउन लागेको छ। राष्ट्र बैंकले २१ दिनको लागि यस्तो पैसा खिच्ने भएको हो।
यसअघि बैंकहरूले पुस १४ गते राखेको ७० अर्ब रूपैयाँको अवधि आइतबार नै सकिने भएपछि यसरी पुँजी खिच्न लागेको हो।

पछिल्लो पटक माघ २ गते राष्ट्र बैंकले उठाएको ४० अर्ब रूपैयाँ बैंकहरूले औसत २.९९ प्रतिशत ब्याजमा राखेका थिए।
माघ ३ गतेसम्म राष्ट्र बैंकमा बैंकहरूले राखेकोमध्ये तीन खर्ब दुई अर्ब रूपैयाँ प्रणालीमा फर्किन बाँकी रहेको देखिन्छ।

### मेष
चु, चे, चो, ला, लि, लु, ले, लो, अ

साता उत्साहवर्द्धक रहनेछ। सरल जीवनशैलीले धेरैलाई प्रभावित पार्न सकिनेछ। मिहिनेतले आँटेको काम सम्पादन हुनेछ। आर्थिक क्रियाकलापमा फाइदा हुनेछ।

### मिथुन
का, कि, कु, घ, ङ, छ, के, को, ह

आफन्तसँगको भेटघाटले साता उत्साहवर्धक रहनेछ। आँट र मेहनतले प्रतिष्ठित काम गर्ने अवसर दिलाउनेछ। रमाइलो जमघट र खानपानको आनन्द प्राप्त हुनेछ। पुरुषार्थी कामको यश लिने अवसर प्राप्त हुनेछ।

### सिंह
मा, मि, मु, मे, मो, टा, टि, टु, टे

सुरुमा राम्रै आम्दानी हुनेछ। मिहिनेतीहरूलाई दिगो आम्दानी हुने काम सुरु गर्ने मौका छ। तर, खर्चको मात्रा बढ्नेछ भने अर्थ अभावको समस्याले सताउन सक्छ।

### तुला
र, रि, रु, रे, रो, ता, ति, तु, ते

प्ररम्भमा केही जिम्मेवारी थपिनेछन्। लक्ष्यमा पुग्न निकै मेहनत गर्नुपर्ने देखिन्छ। तर, समय लागे पनि उपलब्धि प्राप्त हुनेछ। आध्यात्मिक ज्ञानले दुर्भावनाका तरंगहरू समाप्त हुनेछन्।

### धनु
ये, यो, भ, भि, भु, ध, फा, ढ, भे

प्रारम्भमा रमाइलो यात्राको साइत जुर्नेछ भने चिताएको काम पनि बन्नेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। पुरुषार्थी काम बन्नाले जोश–जाँगर पनि बढ्नेछ।

### कुम्भ
गु, गे, गो, सा, सि, सु, से, सो, द

प्रारम्भमा अध्ययनमा समय दिन नसकिए पनि सहपाठीहरूलाई पछि पार्न सफल भइनेछ। व्यापार र उद्योगमा फाइदा हुनेछ। सहयोगीहरू जुट्नाले काम बन्नेछन् र मिहिनेतले सफलता दिलाउन सक्छ।

### वृष
इ, उ, ए, ओ, बा, बि, बु, बे, बो

अध्ययनमा प्रगति हुनेछ। बोलीको माध्यमले ठूलो काम सम्पादन हुनेछ। कार्यशैलीमा पनि सुधार ल्याउन सकिनेछ। पहिलेको कर्मफल प्राप्त हुनेछ।

### कर्कट
हि, हु, हे, हो, डा, डि, डु, डे, डो

प्रारम्भमा व्ययभार बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। खर्च लागे पनि लामो यात्रा गर्ने अवसर जुट्न सक्छ।

### कन्या
टो, प, पि, पु, ष, ण, ठ, पे, पो

साता उत्साहवर्द्धक रहनेछ। प्रारम्भमा गरेको कर्मले सफलताको उचाइमा पुर्याउन सक्छ। काम देखाएर उपलब्धि हातपार्ने समय छ।

### वृश्चिक
तो, ना, नि, नु, ने, नो, या, यि, यु

परिस्थितिको चक्रमा अलमलिनुपर्ला। कार्यसम्पादनमा समय लाग्नेछ भने शारीरिक थकानले कमजोरी अनुभूति हुनेछ।

### मीन
दि, दु, थ, झ, ञ, दे, दो, च, चि

प्रारम्भमा अन्योल बढ्ने हुँदा काम बिग्रने चिन्ताले सताउन सक्छ। नजिकका साथीभाइ टाढिनाले आत्मबलमा कमी आउनेछ।

### मकर
भो, ज, जि, खि, खु, खे, खो, गा, गि

मिहिनेतले अवसर दिलाउनेछ भने प्रतिद्वन्द्वीहरू पछि पर्नेछन्। रोकिएका काम बन्नाले आम्दानी बढ्नेछ।प्रयत्न गर्दा दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। व्यापार तथा कर्मयोगले फाइदा दिलाउनेछ।

# खुम्बुक्षेत्रमा हेलिकोप्टर उडानमा अझै अवरोध, गाउँपालिका र व्यवसायीका आआफ्नै अडान



■ आर्थिक संस्कार

सगरमाथा राष्ट्रिय निकुञ्ज, खुम्बु पासाङल्हामु गाउँपालिकालगायत स्थानीय युवा समूह तथा संघ/संस्थाहरूले पुस १७ (२०२५ जनवरी १) देखि उक्त निकुञ्ज क्षेत्रमा हेलिकोप्टर उडाउन प्रतिबन्ध लगाए । त्यसको ४ दिनपछि पुस २१ गते सगरमाथा राष्ट्रिय निकुञ्जले हेलिकोप्टर सेवा सञ्चालन गर्न अनुमति दियो । तर, खुम्बुक्षेत्रमा भने अझै अवरोध जारी रहेको देखिएको छ । खुम्बु पासाङल्हामु गाउँपालिकाले गाउँपालिका क्षेत्रमा हुने अनियन्त्रित हेलिकोप्टर उडान रोक्ने निर्णयलाई निरन्तरता दिएको सूचना जारी गरेको १ सातापछि वायुसेवा प्रदायकहरूको संस्था वायुसेवा सञ्चालक संघ, नेपालले विज्ञप्ति जारी गरेर आउँदो बुधवारसम्म समस्या समाधान नभए सोलुखुम्बु जिल्लाभित्र सम्पूर्ण हवाई सेवा पूर्ण रूपमा स्थगन गर्ने चेतावनी दिएको छ । खुम्बुक्षेत्रमा पुस १७ गतेदेखि हेलिकोप्टर उडान भएको छैन ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतप्रसाद भुसाल भने उद्धार र हिमालको दृश्यावलोकनका लागि हुने उडान नरोकिएको बताउँछन् । गाउँपालिकाले पुस २५ गते जारी गरेको सूचनामा भनिएको छ, 'नेपाल नागरिक उड्डयन प्राधिकरण र सगरमाथा राष्ट्रिय निकुञ्जले गरेको उडान गर्न पाउने निर्णयले यस गाउँपालिका, सगरमाथा राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, मध्यवर्ती उपभोक्ता समितिहरू र स्थानीय बासिन्दाको पहलमा हेलिकोप्टर उडानलाई व्यवस्थित गर्न गरिएको पहलकदमीमा तुषारापात भएको छ ।'

गाउँपालिकाका अध्यक्ष मिङ्माछिरी शेर्पाले जारी गरेको सूचनामा भनिएको छ, 'सगरमाथा राष्ट्रिय निकुञ्जको कदमप्रति हाम्रो घोर आपत्ति रहेको छ ।' यस्तै, आपत्कालीन उद्धार, मालसामान ढुवानीका लागि हवाई उडान सहज तुल्याउन गाउँपालिकाले पहल गर्दै आएको भन्दै उक्त सूचनामा विभिन्न बहाना देखाएर हेलिकोप्टर उडान स्थगन गर्नु कम्पनीहरूको नाफाकेन्द्रित प्रवृत्ति भएको उल्लेख गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत भुसालका अनुसार बुधवारसम्म उक्त क्षेत्रमा आपत्कालीन उद्धार र ढुवानीका उडानबाहेक अन्य हेलिकोप्टर सेवा रोकिएका छन् ।

संघले बुधवार जारी गरेको विज्ञप्तिमा भने हेलिकोप्टरको आपत्कालीन अवतरण गर्नुपर्ने भएमा पनि अवतरण गर्न सक्ने अवस्था नभएको बताइएको छ । संघका अध्यक्ष मनोज कार्कीले राष्ट्रिय निकुञ्जले हेलिकोप्टर कम्पनीलाई निकुञ्जको वन, वन्यजन्तु तथा जैविक विविधतामा असर नपर्ने गरी उडान गर्न अनुमति दिइसकेको जानकारी दिए । उनको हस्ताक्षरमा जारी विज्ञप्तिमा भनिएको छ, 'राष्ट्रिय निकुञ्ज, नेपाल नागरिक उड्डयन प्राधिकरण र यस संघको अनुरोधसमेतलाई हवाई सेवा सञ्चालन सम्बन्धमा कानूनले प्रत्यायोजन नगरेको अवस्थामा गाउँपालिकाले प्रचलित कानूनको उल्लंघन गरी हेलिकोप्टर सञ्चालनमाथि २५ गते जारी गरेको सूचनाप्रति संघको गम्भीर ध्यानाकर्षण भएको छ ।'

खुम्बुको उक्त निर्णयले वायुसेवा कम्पनीलाई ठूलो आर्थिक नोक्सानी पर्न जानुका साथै राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा नकारात्मक असर पर्ने, हिमाल अवलोकन तथा पर्वतारोहणका लागि नेपाल आउने पर्यटकले गन्तव्य परिवर्तन गरेर अन्य मुलुकमा जाने जस्ता जोखिम रहेको संघले औंल्याएको छ । संघले कोभिडपछि व्यवसाय लयमा फर्किन लागेको तर यस्ता गतिविधिले पर्यटन क्षेत्र नै धराशयी हुने र यसलाई रोक्नका लागि उक्त क्षेत्रको उडान निर्बाध रूपमा सञ्चालन गर्न आवश्यक भएको उल्लेख गरेको छ ।

यो विषय सल्टाउन जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुले माघ ११ गते समन्वय बैठक डाकेको छ । तर, त्यसको २ दिनअघि माघ ९ गते बुधवारसम्ममा पूर्ण सुरक्षाको प्रत्याभूति गरी समस्या समाधानका लागि संघ तयार रहेको कार्कीले बताए । प्रशासकीय अधिकृत भुसालले हेलिकोप्टर उडानलाई व्यवस्थित गर्न आवश्यक भएकाले यस्तो निर्णय गरिएको जानकारी दिए । 'बिरामीहरूलाई छाडेर अनेकपटक उडान भए, अहिले उद्धार उडान, ढुवानीका साथै माउन्टेन उडान रोकिएको छैन,' भुसालले भने, 'यस्ता उडान भएका छन्, व्यावसायिक उडानका हकमा भने स्थानीय वातावरण बिग्रिएको, अध्ययन/अध्यापनमा समस्या भएको स्थानीयको गुनासो छ ।' गाउँपालिकाले सोही विज्ञप्तिमार्फत सम्बद्ध सरोकारवाला निकायलाई वार्ता तथा छलफलमा आउन अग्रह गरेको उनले जानकारी दिए । अहिले पनि गाउँपालिका २५ गतेको निर्णयमै अडिग रहेको उनको भनाइ छ । हिमालको दृश्यावलोकनका लागि आवतजावत गर्न मिल्ने उनको भनाइ छ । 'अहिले व्यावसायिक उडान नगर भनिएको हो,' भुसालले भने, 'व्यावसायिक उडान गर्ने कम्पनीलाई पटक–पटक आग्रह गरिँदै आएको छ, यो पदयात्रा गर्ने स्थान भएकाले व्यावसायिक उडान गर्नका लागि बसेर वार्ता, छलफल आवश्यक छ ।'

# ग्लोबल आइएमई लघुवित्तको साधारणसभा सम्पन्न, ९ अर्ब ६५ करोड कर्जा लगानी




■ आर्थिक संस्कार

ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको १२औं वार्षिक साधारणसभा सोमबार पोखरामा सम्पन्न भएको छ । सभाले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन र विभिन्न प्रस्तावहरू पारित गरेको छ ।कार्यक्रमको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष बुद्धि अकेलाले गरेका थिए ।

कार्यक्रमको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष बुद्धि अकेलाले गरेका थिए । कार्यक्रममा सेयरधनीबाट उठेका जिज्ञासा एवम् सुझावको जवाफ दिँदै संस्थाका अध्यक्ष अकेलाले अहिले विषम परिस्थितिमा पनि वित्तीय संस्थाका सूचकांक अब्बल रहेको र आगामी दिनमा आफ्ना सेयरधनी एवम् ग्राहक सदस्यको सर्वोपरि हित हुनेगरी कार्य गरिने बताए ।

राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस वित्तीय संस्थाले देशका ५४ जिल्लामा १२१ ओटा शाखा कार्यालयमार्फत १ लाख ५२ हजार भन्दा बढी सदस्यलाई वित्तीय सेवा प्रदान गर्दै आएको छ । करीब ९ अर्ब ६५ करोड रुपैयाँ कर्जा लगानी गरिएको वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत हरिकृष्ण जोशीले बताए ।

# सिद्धार्थ बैंकको तेइसौं वार्षिक साधारणसभा सम्पन्न, अध्यक्षमा राहुल अग्रवाल चयन

SiddharthaBank






■ आर्थिक संस्कार

सिद्धार्थ बैंकको तेइसौं वार्षिक साधारणसभा सम्पन्न भएको छ । सञ्चालक समितिका अध्यक्ष मनोजकुमार केडियाको अध्यक्षतामा आइतबार २३औं साधारण सभा सम्पन्न भएको हो ।

साधारण सभाले बैंकको चुक्ता पुँजी १४ अर्ब आठ करोड ९९ लाख ८० हजार १८५ रुपैयाँको ४ प्रतिशतका दरले हुने ५६ करोड ३५ लाख ९९ हजार २०८ नगद लाभांश (कर प्रयोजनका लागि समेत) लाभांशप्रदान गर्ने प्रस्ताव पारित गरेको हो ।

त्यस्तै, सभाले एसबीएल ८.२५ प्रतिशत अविमोच्य असञ्चिति अग्राधिकार शेयर सम्बन्धित नियमनकारी निकायको स्वीकृति पश्चात् जारी गर्नेलगायत प्रस्तावहरू पारित गरेको बैंकले जनाएको छ ।

साथै, बैंकको वार्षिक साधारण सभामा भएको निर्वाचनबाट सञ्चालक समितिमा संस्थापक शेयरधनी समूहको तर्फबाट राहुल अग्रवाल, दिनेश शंकर पालिखे र वीरेन्द्र कुमार शाह निर्विरोध निर्वाचित भएका छन् ।

सोही दिन बसेको सञ्चालक समितिको बैठकले राहुल अग्रवाललाई बैंक सञ्चालक समितिको अध्यक्ष चयन गरेको छ ।

# 'ट्रिप एडभाइजर'को सूची : काठमाडौं 'सोलो ट्राभल डेस्टिनेसन्स'मा विश्वकै दोस्रो र 'कल्चरल डेस्टिनेसन्स'मा सातौँ

■ आर्थिक संस्कार



विश्वकै अग्रणी अमेरिकी ट्राभल गाइडेन्स प्लाटफर्म ट्रिप एडभाइजरको 'सोलो ट्राभल डेस्टिनेसन्स' र 'कल्चरल डेस्टिनेसन्स' क्याटेगोरीको शीर्ष गन्तव्य सूचीमा काठमाडौं परेको छ। 'ट्रिप एडभाइजरको सूचीमा काठमाडौं विश्वकै सोलो ट्राभल (एकल भ्रमण) डेस्टिनेसन्समा दोस्रो र 'कल्चरल डेस्टिनेसन्स'मा सातौँ स्थानमा छ।

विश्वभरका यात्रीहरूको अनुभव र तिनका सिफारिसका आधारमा ट्रिप एडभाइजरले सार्वजनिक गरेको सन् २०२५ को 'मस्ट–भिजिटेड डेस्टिनेसन्स'मा काठमाडौं विश्वका उत्कृष्ट गन्तव्यहरूको सूचीमा परेको हो। एकल यात्रा गर्न मन पराउने पर्यटकहरूले सिफारिस गरेको सोलो ट्राभल डेस्टिनेसन्सको पहिलो नम्बरमा दक्षिण कोरियाको सिओल सहर छ। यो सूचीमा परेका विश्वका १० उत्कृष्ट गन्तव्य एकल यात्रा गर्ने पर्यटकले सबैभन्दा धेरै मन पराएका ठाउँ हुन्। 'सोलो ट्राभल डेस्टिनेसन्स'मा काठमाडौं विश्वकै शीर्ष गन्तव्यमा पर्नु देशको पर्यटनका लागि सुखद रहेको पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले बताए। 'ट्रिप एडभाइजरको सोलो ट्राभल डेस्टिनेसन्स क्याटेगोरीमा काठमाडौं दोस्रो शीर्ष स्थानमा परेको छ। एकल यात्रा गर्ने विश्वभरका यात्रीहरूले नेपाललाई रुचाएको देखिन्छ। पछिल्लो समय सोलो ट्राभल गर्ने पनि बढिरहेका छन्, त्यसको लाभ नेपालले लिन सक्छ,' उनले भने, 'लोकप्रिय सोलो ट्राभल डेस्टिनेसन्समा पर्नु भनेको नेपाल सुरक्षित गन्तव्य भएको सन्देश पनि हो। नेपाल कल्चरल डेस्टिनेसन्स क्याटेगोरीमा विश्वको सातौँ रोजाइको गन्तव्य बनेको छ। यसले नेपाली पर्यटनको विश्वभर सित्तैमा प्रचार भइरहेको छ।'

'कल्चरल डेस्टिनेसन्स'को पहिलो नम्बरमा इन्डोनेसियाको बाली छ भने भियतनामको हनोई दोस्रो र लन्डन तेस्रोमा छ। काठमाडौं यो सूचीको सातौँ स्थानमा रहेको छ। छिमेकी मुलुक भारतको राजधानी नयाँदिल्ली आठौँ स्थानमा छ। जीवन्त कला र सम्पदाले धनी यी गन्तव्यले विश्वभरका यात्रुलाई लोभ्याउने गर्छन्।

'ट्रिप एडभाइजर'को टप डेस्टिनेसन्स श्रेणीको पहिलो स्थानमा यसपटक बेलायती सहर लन्डन परेको छ। सन् २०२२ यता यो सूचीको पहिलो नम्बरमा दुबई थियो। दुबई अहिले यो सूचीको दोस्रो स्थानमा ओर्लिएको छ। कला, सम्पदाका साथै परिकारहरूका लागि अब्बल लन्डन सहर 'फुड डेस्टिनेसन्स'को दोस्रो र 'कल्चरल डेस्टिनेसन्स'मा तेस्रो स्थानमा परेको छ।

सन् २०२५ को 'ट्रेन्डिङ डेस्टिनेसन्स'मा जापानको ओसाका सहर पहिलो स्थानमा छ। 'द नेसन्स किचेन' भनेर चिनिने ओसाका खाना, सपिङ र रात्रिजीवनका लागि उत्कृष्ट गन्तव्य मानिन्छ। 'हनिमुन डेस्टिनेसन्स'का लागि मौरिसस पहिलो नम्बरमा छ भने इन्डोनेसियाको बाली दोस्रो र माल्दिभ्स तेस्रो स्थानमा छन्। खानाका पारखी यात्रीले 'फुड डेस्टिनेसन्स'को पहिलो नम्बरमा इटालीको रोम सहरलाई सिफारिस गरेका छन्।

विश्वभरका वास्तविक यात्रीहरूले ट्रिप एडभाइजरमा आफूलाई मन परेको गन्तव्य र त्यहाँको विशेषताबारे रिभ्यु लेख्ने गर्छन्। तिनै रिभ्युको आधारमा ट्रिप एडभाइजरले विभिन्न क्याटेगोरीमा पर्यटकले मन पराएका गन्तव्यको सूची सार्वजनिक गर्दै आएको छ। ट्रिप एडभाइजरको 'ट्राभलर्स च्वाइस अवार्डस् बेस्ट अफ द बेस्ट डेस्टिनेसन्स'मा टप डेस्टिनेसन्स, ट्रेन्डिङ डेस्टिनेसन्स, कल्चर डेस्टिनेसन्स, फुड डेस्टिनेसन्स र हनिमुन डेस्टिनेसन्ससहित सात श्रेणी छन्। 'सोलो ट्राभल डेस्टिनेसन्स' ट्रिप एडभाइजरले यो वर्षबाट थपेको नयाँ श्रेणी हो। अर्को 'टप डेस्टिनेसन्स अफ द लास्ट २५ इयर्स' पनि नयाँ क्याटेगोरी रहेको बताइएको छ।

'ट्रिप एडभाइजर्स'ले पछिल्लो वर्षभर विश्वभरका यात्रीले दिएका सबैभन्दा धेरै रेटिङ र रिभ्यु गरेका गन्तव्यलाई विभिन्न श्रेणीमा सूचीकृत गर्छ। यो र्‍याङकिङले वास्तविक पर्यटकले सिफारिस गरेका गन्तव्यबारे प्रकाश पार्छ।

ट्रिप एडभाइजरलाई हरेक महिना विश्वभरका करोडौँ यात्रीले ट्राभल गाइडेन्स (यात्रा सल्लाह)का रूपमा लिने गर्छन्। उनीहरूले गन्तव्य, बस्ने स्थानका साथै कहाँ के खाने भन्ने कुराको निर्णय गर्न ट्रिप एडभाइजर्सको वेबसाइट र एप प्रयोग गर्ने गर्छन्। ट्रिप एडभाइजरले पहिल्यै भ्रमण गरेका यात्रीको रिभ्युका आधारमा गन्तव्यको मार्गनिर्देश गर्छ।

'ट्रिप एडभाइजर'को ट्राभलर्स च्वाइस अवार्डस्ले विश्वभरका यात्रीलाई मन परेका र तिनले सिफारिस गरेका गन्तव्य, होटेल, रेस्टुरेन्ट, खानाका परिकार र अन्य गतिविधिलगायतको जानकारी दिन्छ। यसले विश्वभरका यात्रुलाई यात्रामा सहजीकरण गरिदिने गर्छ। साथै यसबाट यात्रा प्याकेज, होटेल र फ्लाइटलगायत बुकिङ पनि गर्न सकिन्छ।

यसअघि अमेरिकाको चर्चित पत्रिका 'द न्युयोर्क टाइम्स'ले गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई सन् २०२५ मा पुग्नैपर्ने विश्वका ५२ उत्कृष्ट ठाउँको सूचीमा नवौँ स्थानमा राखेको छ। हजारौँ वर्षअघि मायादेवी नामकी रानीले सिद्धार्थ गौतम बुद्धलाई जन्म दिएको लुम्बिनी बौद्धमार्गीको आस्थाको केन्द्र (तीर्थस्थल) भएको र नेपालकै प्राचीन पुराताŒविक स्थल भएको न्युयोर्क टाइम्सले लेखेको छ।

# भृकुटीमण्डपमा फर्निचर एक्स्पो सुरु




नेपाल वुड, फर्निचर तथा होम टेक्सटायल अन्तर्राष्ट्रिय प्रदर्शनीको दशौँ संस्करण सुरु भएको छ। मिडिया स्पेस सोलुसन्स प्रा.लि. फ्युचरेक्स ट्रेड फेयर एण्ड इभेन्ट्स प्रा.लि. र इटीएसआइपीएलको संयुक्त आयोजनामा उक्त प्रदर्शनी काठमाडौँको भृकुटीमण्डपमा सुरु भएको हो।

प्रदर्शनीको उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्घाटन गरे। मिडिया स्पेस सोलुसन्स प्रा.लि.का प्रबन्ध निर्देशक र्सिजल भट्टराईले मेलामा फर्निचर, प्लाइवुड, ल्यामिनेट, होम टेक्सटायल, हार्डवेयर, काष्ठसम्बन्धी मेसिनरी तथा औजार, फर्निसिङ, म्याट्रेस, कच्चा पदार्थ तथा उत्पादनहरूको अन्तर्राष्ट्रिय प्रदर्शनी भएकाले नेपालभरबाट अवलोकनकर्ता आउने अपेक्षा गरिएको बताए।

उनले प्रदर्शनीमा स्वदेशी तथा विदेशी

ख्यातिप्राप्त ब्राण्डहरूका १०० भन्दा बढी स्टल रहेको बताए। फर्निचर, प्लाइवुड, ल्यामिनेट, होम टेक्सटायल, हार्डवेयर, काष्ठसम्बन्धी मेसिनरी तथा औजार, फर्निसिङ, म्याट्रेस, कच्चा पदार्थ तथा उत्पादनहरूको उल्लेखनीय सहभागिता भएको जानकारी दिए। उनले प्रदर्शनीमा फर्निचर, प्लाइउड तथा काठ औजारका कम्पनी, ल्यामिनेट, विभिन्न कम्पनीका डिलर, सब डिलर र विक्रेताहरूले काठ व्यवसायसँग सम्बन्धित उत्पादनहरू र यस क्षेत्रमा आउने नयाँ–नयाँ प्रविधिको बारेमा जानकारी दिने व्यवस्था गरिएको बताए।

# काठमाडौँ विश्वविद्यालय र धुलिखेल अस्पतालको विवाद समाधान




■ आर्थिक संस्कार

काठमाडौँ विश्वविद्यालय र धुलिखेल अस्पतालबीचको चार वर्षदेखिको विवाद सुल्झिएको छ । विवाद समाधान गर्न गठित सहजीकरण समितको सुझावसहितको प्रतिवेदन आज भएको विश्वविद्यालय सभाको ९८ औँ बैठकले स्वीकार गरेसँगै दुवै संस्थाको सम्बन्ध पूर्ववत् भएको हो ।

प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीको अध्यक्षतामा आज भएको सभाको बैठकले विवाद समाधान गर्न राष्ट्रिय योजना आयोगका सदस्य गीताकुमारी पौड्याल अधिकारीको संयोजकत्वमा गठित सात सदस्यीय सहजीकरण समितिको प्रतिवेदनलाई पारित गरेको हो । प्रतिवेदनअनुसार तीन महिनाभित्र नयाँ सम्झौता तयारीका लागि आयोगका सदस्य अधिकारी नै संयोजक रहेको समिति गठन गरिएको छ ।प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार समितिमा विश्वविद्यालयबाट प्रा डा ऋषिकेश वाग्ले र प्रा डा मनोज हुमागाईँ तथा अस्पतालका तर्फबाट डा विराजमान कर्माचार्य र प्रा डा राजीव श्रेष्ठ रहेका छन् । समितिले नयाँ सम्झौताको मस्यौदा आगामी सिनेटमा प्रस्तुत गर्नेछ । सम्झौता नहुन्जेल दुवै संस्थाको दैनिक सञ्चालन सम्बन्धित संकायका डीन र प्रशासकीय निर्देशक रहेको तीन सदस्यीय अन्तरिम सहजीकरण समिति पनि गठन भएको छ ।

यसअघिका सिनेट बैठकमा विश्वविद्यालयका कुलपति एवं प्रधानमन्त्री ओलीले अन्तर्राष्ट्रियस्तरमा समेत ख्यातिप्राप्त ती दुवै संस्था आपसमा मिल्नु उचित हुने भएकाले अलग हुने प्रस्ताव नल्याउन आग्रह गरेका थिए ।

विसं. २०५९ चैत १९ गतेको पारस्परिक सम्झौताका आधारमा सहकार्य गरेका ती संस्थाबीच बेमेल भएपछि गत साउन ३० गतेको विश्वविद्यालय सभाको ९७ औँ बैठकको मार्गदर्शनअनुसार आपसी संवाद थाल्ने निधो भएको थियो ।

प्रधानमन्त्री ओलीले विवाद मिलाउन गठित समितिले सघन परामर्शसमेत गरेर समाधान निकाल्न सकेकामा खुसी व्यक्त गर्दै त्यसले नयाँ क्षितिज उघारेको बताए । यस प्रतिवेदनले नयाँ एकतासहित भविष्यको नयाँ गोरेटो तय गरेको छ, यसलाई नबिगारीकन कार्यान्वयनमा लान सकेमा राम्रो प्रतिफल आउने उनले बताए ।

सहजीकरण समितिमा विश्वविद्यालयका तर्फबाट उपकुलपति प्रा डा भोला थापा, स्कुल अफ मेडिकल साइन्सेसका डीन प्रा डा मनोज हुमागाईँ, स्कुल अफ लका डीन डा ऋषिकेश वाग्ले तथा अस्पतालका तर्फबाट कार्यकारी निर्देशक डा रामकण्ठ माकजु श्रेष्ठ, प्रशासकीय निर्देशक डा विराजमान कर्माचार्य र अनुसन्धान निर्देशक प्रा डा राजीव श्रेष्ठ थिए ।उपकुलपति छनोटको कार्यविधिमा पुनर्विचार गर्न निर्देशन

बैठकले विश्वविद्यालयको नयाँ उपकुलपति चयनका लागि गठित खोज तथा सिफारिस समितिलाई चिकित्साशास्त्र संकायमा कार्यरत वरिष्ठ शिक्षकहरुले समेत आवेदन गर्न पाउनेगरी कार्यविधिमा व्यवस्था गर्न निर्देशन दिएको छ ।

उपकुलपतिको आवेदनका लागि आव्हान भएको सूचनामा आफूहरुलाई आवेदन गर्नबाट वञ्चित गराइएको भनी चिकित्साशास्त्र संकायका शिक्षकहरुले कुलपति एवं प्रधानमन्त्री ओलीसमक्ष निवेदन दिएको विषयमा छलफलपछि बैठकले कार्यविधि पुनःविचार गर्न निर्देशन दिएको हो ।

दुई कार्यकाल उपकुलपति भइसकेका व्यक्तिसमेत आवेदन दिन नपाउने तथा हरेक कार्यकालका लागि कार्यविधि संशोधन भइरहने स्थितिप्रति बैठकमा ध्यानाकर्षण गराइएको थियो ।

पूर्वउपकुलपति प्रा डा सुरेशराज शर्माको संयोजकत्वमा गठित खोज तथा सिफारिस समितिले चिकित्साशास्त्र संकायका शिक्षकहरुलाई पनि समेट्न उम्मेदवार छनोटको कार्यविधि संशोधन गरेर पुनः सूचना जारी गर्ने भएको छ ।

Find us on
Facebook.com/Aarthiksanskarr

# सरकारले लिएको लक्ष्य पूरा गर्न पीपीए नरोकिने, जलविद्युत क्षेत्रमा लगानी गर्न आग्रह



■ आर्थिक संस्कार

हालसम्म देशभर ३५ सय मेगावाट ऊर्जा उत्पादन भएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, इप्पानले जनाएको छ । राजधानीमा शुक्रबार आफ्नो २५ औं वार्षिकोत्सवको अवसरमा इप्पानले सरकारी क्षेत्रले ६ सय ८५ र निजी क्षेत्रले २७ सय ४० मेगावाट ऊर्जा उत्पादन गरेको जनाएको हो ।

इप्पानका अनुसार हाल निजी क्षेत्रबाट ४ हजार ६२ मेगावाटको जलविद्युत आयोजना निर्माणाधीन रहेका छन् । ४ हजार ३ सय ६५ मेगावाट विद्युत खरिद सम्झौता पीपीए गरेर निर्माणको तयारीमा छन् भने ३९ हजार ३ सय ४८ मेगावाटका ६ सय ९९ वटा थप आयोजना निजी क्षेत्रले अघि बढाएको छ । यसका लागि हालसम्म १५ अर्ब लगानी गरिसकेको छ भने अबको १० बर्षमा ३० अर्ब लगानी लाग्ने जनाएको छ।

यसैगरी, विद्युत विकासले पछिल्लो २५ वर्षकै अवधिमा उत्पादनमा फड्को मार्नुको मुख्य कारण विद्युत ऐन, २०४९ ले विद्युत विकासमा निजी क्षेत्रलाई पुरा गर्नु र विसं २०५५ मा ती मूल्यदर तोकिनु हो ।

एक दशक अघिसम्म २० अर्बभन्दा बढी विद्युत आयात गरेको नेपालमा अहिले विद्युत बेचेर वार्षिक १७ अर्ब बराबरको विदेशी मुद्रा आर्जन गर्ने गरेको छ । नेपालमा वर्षाको समयमा ९ सय ४३ मेगावाट विद्युत उत्पादन गर्ने गरेको छ भने ५२ सय ४० मेगावाट विद्युत निर्यात गर्न थालेको छ । ६० अर्ब रकम बराबरको डिजेल र पेट्रोल आयात घटेको इप्पानले जनाएको छ ।

पछिल्लो वर्षहरूमा कुल सवारीसाधनको आयातमध्ये विद्युतीय सवारीसाधनको मूल्यको पैसा ७० प्रतिशत नागेको छ । नवौं पञ्चवर्षीय योजनामा निजी क्षेत्रबाट १ देखि १० मेगावाटसम्मका विद्युत आयोजना मात्र निर्माण हुने परिकल्पना गरिएको थियो । तर हाल निजी क्षेत्रले ८६ मेगावाटका आयोजना उत्पादन गरिसकिएको छ भने अझ ५ सय मेगावाटसम्मका आयोजनाहरू निर्माण हुँदैछन् ।

विद्युत उत्पादनमा निजी क्षेत्रको संलग्नतासँगै विसं २०५७ माघ ४ गते स्थापना भएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था इप्पानले २५ वर्षसम्ममा आइपुग्दा ५ सय आयोजनाहरू आवद्ध रहेको दाबी गरेको छ ।

BRANDTALK

# चीनका ५ चुनौती, जसले सन् २०२५ मा तय गर्नेछ उसको प्रगतिको मार्ग

■ आर्थिक संस्कार

बितेको वर्ष सन् २०२४ चीनका लागि एउटा कठिन वर्ष रह्यो । सि जिनपिङको सरकार एकातर्फ देशभित्र आर्थिक समस्याहरुसँग जुध्यो भने अर्कोतर्फ उसले अन्तर्राष्ट्रियस्तरमा रुससँगको गठबन्धका जटिलताको पनि सामना गर्नुपरेको थियो ।

यसका बाबजुत चीनले वैश्विक अर्थव्यवस्थामा एक अहम् भूमिका निर्वाह गर्ने क्रम जारी राखेकै छ ।

यस्तोमा पाँचवटा क्षेत्र छन् जो सन् २०२५ मा चिनियाँ योजनामा पानी खन्याइदिन सक्दछन् ।

१. अमेरिकासँग नयाँ शिराको प्रतिद्वन्द्विता

जनवरीमा अमेरिकामा डोनाल्ड ट्रम्पले सत्ता सम्हालेपश्चात चीनको सबैभन्दा ठूलो चिन्ता चीनप्रति अमेरिकाको अतिआक्रामक रवैयाको सुरुवातसँग छ । ट्रम्पले पहिले नै चीनसहित अन्य देशहरु माथि ६० प्रतिशत महसुल लगाउने धम्की दिइसकेका छन् । यो तथ्य यस कुराको संकेत हो कि ट्रम्पको पछिल्लो कार्यकालमा सुरु भएको चीन र अमेरिका बीचको व्यापार युद्ध यसपटक पनि जारी रहनेछ अमेरिकासँगको टकरावपूर्ण सम्बन्ध चीनका लागि अहम चुनौती साबित हुनेछ। यद्यपि यस्तो होइन कि चीन यसका लागि तयार छैन यसअघि अमेरिकासँग भएको व्यापार युद्धबाट चीनले धेरै सबक सिकेको छ। यो कुरालाई यस प्रकारले पनि बुझ्न सकिन्छ कि चिनियाँ कम्पनीहरुले जसरी अन्य क्षेत्रहरूमा विस्तारित भएर अमेरिकी बजार तथा प्रविधिमाथिको आफ्नो निर्भरतालाई कम गर्नका लागि बाटो खोज्न सुरु गरिसकेका छन्।

चीनले पनि अमेरिकाविरुद्ध रवैया अपनाउनबाट पछि पर्दैन। यसको उदाहरण तब देख्न पाइयो। जब हालै चीनले दुर्लभ धातुहरु जसको प्रयोग व्याति तथा क्याटलाइटिक converter बनाउन प्रयोग हुन्छ २०१७ को तुलनामा अहिले व्यापार युद्धको सामना गर्नका निम्ति राम्रो स्थितिमा रहेको छ ।


२. विश्व प्रविधि युद्ध

यसमा कुनै शङ्का छैन कि चीन र अमेरिका बीच महसुल नै सबैभन्दा धेरै ध्यानाकृष्ट गर्ने मुद्दा हुनेछ। तर अर्को टकराव चीनको प्राविधिक विकासको विषयमा पनि हुनसक्छ किनकि यो क्षेत्र अमेरिकाको व्यापारिक प्रभुत्वका लागि एउटा ठूलो चुनौती बन्न सक्छ। चीनका लागि प्रविधि एउटा अहम पक्ष बन्दै गएको छ। किनकि चिनियाँ प्रयासहरू यो क्षेत्रमा निर्यात बढाएर रोजगारी पैदा गर्नेतर्फ लक्षित रहेका छन्। उता अमेरिकाको प्राथमिकता चाहिँ यो क्षेत्रमा चीनमाथिको निर्भरतालाई घटाउनु रहेको छ।

अमेरिकाले सेमिकन्डक्टर प्रविधि सम्म चीनको पहुँचलाई प्रतिबन्धित गर्ने कोसिस गरेर यो कुराको संकेत दिएको छ । यो पछिल्लो टकरावको एउटा नयाँ मोर्चा हो। प्रविधि क्षेत्रका चिनियाँ योजनाहरूलाई बेइजिङ इफेक्ट को नामले चिनिन्छ। यसबाट चीनको प्रयास भनेको डिजिटल पूर्वाधारको मानक तयार गर्नुतर्फ रहेको छ। चीनको यो कदम ठ्याक्कै त्यस्तै हो जसरी युरोपेली युनियनले जीडीपीआर अर्थात् जनरल डेटा प्रोटेक्सन रेगुलेसनको माध्यमबाट डेटा म्यानेजमेन्ट र प्राइभेसीका निम्ति काम गरिरहेको छ । यस कदमले चीनलाई प्रविधि जगतमा रणनीतिक नेतृत्व प्रदान गर्न सक्छ।

३. युरोपेली युनियनको महसुल दर

युरोपसँगको चीनको व्यापारिक टकराब पनि पेचिलो छ। दुवैले एकअर्काका विरुद्ध महसुल लगाएका छन्। उदाहरणको रुपमा चीनले फ्रेन्च ब्रान्डीमाथि आयात शुल्क लगाएको छ ।त्यसको जवाफमा युरोपेली युनियनले चिनियाँ विद्युतीय सवारी साधनको आयातमा प्रतिबन्ध लगाएको छ। अहिले


Photo : Xinhua

चीनको पहुँच त्यस्तो प्रविधिसम्म भएको छ जसमाथि यसअघि पश्चिमा देशहरुको नियन्त्रण थियो ।हालै एसियामा नेटोको भूमिकामा वृद्धि गर्नका लागि सुरु भएको चर्चापछि युरोपेली युनियनसँग बढेको व्यापार युद्ध चीनका लागि एउटा टाउको दुखाइ बन्न सक्छ । तथापि ट्रम्पको युरोपियन युनियन प्रतिको विरोधी रवैया चीनको हितमा कामयाबी बन्न सक्छ।

४. रुससँगको गठबन्धन

प्रथम दृष्टिमा रुस अहिले चीनका लागि महत्त्वपूर्ण बनिसकेको छ। यसको प्रमुख कारण चाहिं त्यहाँको बजार तथा प्राकृतिक संसाधन हो। यद्यपि चीन पनि रुसका लागि आर्थिक सहयोग दिने हिसाबले महत्वपूर्ण बनेको छ। तथापि उक्त समर्थनले चीनको युरोपेली देशहरुसँगको सम्बन्धमा नकारात्मक प्रभाव पारिरहेको छ।

कतिपय देशहरूको मान्यता यो छ कि युक्रेनविरुद्धको युद्धमा चीन नै रुसको सहयोगी बनेको छ । यसै प्रकारले युक्रेनमाथि रूसको आक्रमण र दुई देशको बीचमा जारी युद्धले पनि अमेरिकाको चीनमाथिको ध्यान हटाउनका लागि सहयोगी साबित हुन सक्छ।ट्रम्पले युक्रेन युद्धका लागि शान्ति योजनाको प्रस्ताव गरेका छन् । यदि यो सफल भएमा अमेरिकाले एकपटक पुनः चीनमाथि आफ्नो ध्यान केन्द्रित गर्ने मौका प्राप्त गर्नेछ। यदि युक्रेनको समस्या समाधान भयो भने अमेरिका र रुसको सम्बन्ध पनि राम्रो हुन सक्नेछ, जुन चीनका लागि खासै राम्रो समाचार होइन।

५. मध्यपूर्वको सङ्घर्ष

चीनका लागि एउटा चिन्ता भनेको मध्यपूर्वमा बढिरहेको अस्थिरता पनि हो। रुसको जस्तै योक्षेत्र पनि चीनका लागि संसाधन तथा बजारको दृष्टिकोणले निकै महत्त्वपूर्ण छ। हालै झुहाई हवाई प्रदर्शनीका क्रममा मध्यपूर्वका प्रमुख देशहरु चिनिया हतियारको ठूलो उपभोक्ताको रुपमा देखिएका छन् । चीनका लागि इरान र इजरायल बीचको क्षेत्रीय सङ्घर्षको सम्भावना पनि चिन्ताको विषय बनेको छ। इरान चीनका लागि तेलको प्रमुख स्रोत रहँदै आएको छ।

यदि दुई देश बीचको सशस्त्र सङ्घर्ष सुरु भयो भने त्यसले चीनका लागि तेलको आपूर्ति रोकिदिन सक्छ र त्यसले चीनका लागि आर्थिक समस्या खडा गर्नेछ ।

सिरियामा गृहयुद्धको सुरुवात पनि राष्ट्रपति सि जिनपिङका लागि चिन्ताको विषय हो।

चिनियाँ उइगर मुस्लिमहरू राष्ट्रपति बसर अल-असदलाई सत्ताच्युत गर्ने लडाकुहरुमा सामेल भएका छन् । उनीहरु टीआईपी अर्थात् तुर्किस्तान इस्लामिक पार्टीका सदस्य हुन्।

चीनको शिनजियाङ प्रान्तमा स्वतन्त्र देशको लागि लामो समयदेखि संघर्ष चलिरहेको छ। यस क्षेत्रमा उइगर मुस्लिमहरू बसोबास गर्छन्। केही टीआईपी सदस्यहरूले सिरियामा कब्जा गरिएका हतियारहरूको प्रयोग चीनमा हुनसक्ने चेतावनी दिएका छन् । पछिल्ला वर्षमा, शी जिनपिङको प्रशासनले लाखौं उइगरहरूलाई हिरासतमा राखेको छ। उइगरहरूप्रति चीनको यस रणनीतिले अन्तर्राष्ट्रिय स्तरमा आलोचना भोगिरहेको छ। यी सबै कुराहरूले सन् २०२५ मा चीनले समस्याको सामना गर्नुपर्ने देखाएको छ ।

चीनले उल्लेखित समस्याहरूको सामना गर्ने तयारी पनि गरिरहेका संकेत देखिएका छन् । साथै, चीनले रूसमाथि पश्चिमा मुलुकहरुबाट लगाइएका प्रतिबन्धहरूलाई पनि ध्यानपूर्वक हेरिरहेको छ ।

यदि ताइवानसँग आफ्नो विवाद बढेमा आफूविरुद्ध पनि त्यस्तै प्रतिबन्धहरू लगाइन सक्नेतर्फ चीन सचेत छ ।

अन्ततः सन् २०२५ मा जे-जस्तो हुनेछ, त्यसले चीनका लागि निकै महत्वपूर्ण भूमिका खेल्नेछ। यसले नै आगामी दिनमा चीनलाई नयाँ सहयोगीहरु वा नयाँ बजार बनाउन आवश्यक हुनेछ वा हुनेछैन भन्ने कुरा तय गर्नेछ ।

# ह्वाइट हाउसमा ट्रक आक्रमण, भारतीयलाई ८ वर्षको जेल: बाइडेनलाई मार्न चाहन्थ्यो, ६ महिना योजना बनायो।

■ आर्थिक संस्कार

अमेरिकामा ह्वाइट हाउसमा आक्रमणको प्रयास गरेको आरोपमा भारतीय नागरिक साई वर्शित कंडुलालाई बिहीबार ८ वर्षको जेल सजाय सुनाइएको छ। कंडुलाले २२ मे २०२३ मा भाडाको ट्रक प्रयोग गरेर आक्रमण गर्ने योजना बनाएको थियो। उनलाई १३ मे २०२४ मा अमेरिकी सम्पत्तिलाई जानाजानी क्षति पुर्‍याएको आरोपमा दोषी ठहराइएको थियो।

पूछताछमा उनले सरकारको नियन्त्रण लिएर राष्ट्रपति जो बाइडेनलाई मार्न चाहेको बताएका थिए। उनले यो योजनाको लागि ६ महिनादेखि तयारी गरिरहेका थिए। भारतको चंदनगरमा जन्मिएका कंडुला अमेरिका स्थायी बासिन्दा थिए र उनीसँग ग्रीन कार्ड पनि थियो।

नाजी विचारधाराबाट प्रेरित तानाशाही स्थापना गर्न चाहन्थे

न्याय विभागका अनुसार, कंडुलाको उद्देश्य अमेरिकी लोकतान्त्रिक रूपमा निर्वाचित सरकारलाई हटाएर नाजी विचारधाराबाट प्रेरित तानाशाही शासन स्थापना गर्नु थियो।

पहिले डिनर गरे, त्यसपछि ट्रकले बारमा ठक्कर दिए

कोर्टका दस्तावेजअनुसार कंडुला २२ मे २०२३ मा सेन्ट लुइसबाट फ्लाइटमार्फत वासिङ्टन पुगे। बेलुकी ५:२० बजे डलेस एयरपोर्टमा अवतरण गरेपछि उनले ६:३० बजे एउटा ट्रक भाडामा लिए। त्यसपछि उनले डिनर गरे र ट्रकमा इन्धन भरे। यसपछि कंडुला वासिङ्टन डीसीतर्फ बढे। राति ९:३४ बजे उनले ह्वाइट हाउस र राष्ट्रपति पार्कको सुरक्षामा रहेको बारमा ट्रक ठोक्काए।

पहिलो पटक ठक्कर दिएपछि उनले ट्रकलाई पछाडि लिएर पुन: प्रयास गरे। दोस्रो प्रयासमा ट्रक बिग्रियो र इन्जिनबाट धूवाँ निस्किन थाल्यो।

अमेरिकी सिक्रेट सर्भिसका अधिकारीहरूले घटनास्थलमै उनलाई पक्राउ गरेका थिए।

नाजी झण्डा फहराए

पुलिस रेकर्डअनुसार इन्जिन बिग्रिएपछि कंडुला चालक सिटबाट ओर्लिएर ट्रकको पछाडिको भागमा गए। उनले झोलाबाट नाजी झण्डा निकाले र हल्लाउन थाले।


यसअघि पनि यस्ता घटनाहरू भएका छन्

यो घटनापछि ह्वाइट हाउसको सुरक्षा थप कडा बनाइएको थियो। न्यूयोर्क टाइम्स का अनुसार, क्यापिटल हिल नजिक यस्ता घटनाहरू पहिल्यै पनि भएका छन्।

६ जनवरी २०२१ मा भएको क्यापिटल हिंसापछि तीन महिनापछि, एउटा कारले दुई क्यापिटल प्रहरीलाई ठक्कर दिएको थियो, जसमा एकको मृत्यु भएको थियो भने अर्को घाइते भएका थिए।

अगस्ट २०२३ मा एक व्यक्तिले आफ्नो कार क्यापिटल हिल नजिकैको सुरक्षा बारमा ठोक्काएका थिए। त्यसपछि कारमा आगो लागेको थियो। आरोपी रिचर्ड योर्कले कारबाट निस्किएर हवाई फायरिङ गरेका थिए र पछि आफैंलाई गोली हानेका थिए।

अमेरिकी राष्ट्रपति बाइडेनको विदाई भाषण



अमेरिकी राष्ट्रपति जो बाइडेनले बुधबार राति वासिङ्टन डीसीको ओभल अफिसबाट आफ्नो विदाई भाषण दिएका थिए। उनले १५ मिनेटको भाषणमा डोनाल्ड ट्रम्प, एलन मस्क, राष्ट्रपति चुनावमा सामाजिक सञ्जालको दुरुपयोग, र जलवायु परिवर्तनबारे बोलेका थिए।

"अमेरिकामा धनी वर्गको प्रभुत्व खतरनाक बनिरहेको छ। कानूनमा परिवर्तन आवश्यक छ ताकि राष्ट्रपतिले पनि सजायबाट उम्कन नसकोस्," बाइडेनले भने।

# भाटभटेनी क्लबका सदस्यहरूलाई २२ करोडको गिफ्ट भौचर



■ आर्थिक संस्कार

भाटभटेनी सुपर स्टोर्सले आफ्ना नियमित ग्राहकहरूलाई यो वर्ष २२ करोड भन्दा बढी रुपैयाँ बराबरको गिफ्ट भौचर उपहारको घोषणा गरेको छ ।

यस्तो उपहार प्राप्त गर्ने व्यक्तिले आफूले पाएको गिफ्ट भौचर बराबरको सामग्री देशभर फैलिएको २७ वटा भाटभटेनी स्टोर्समा जहाँबाट पनि खरिद गर्न सक्नेछन् ।

यो उपहार भाटभटेनी क्लबका सदस्यता प्राप्तगर्ने मध्येका एक लाख नौ हजार ग्राहकहरूले प्राप्त गर्नेछन् । भाटभटेनी क्लबमा सदस्य रहेका लाखौं ग्राहकमध्ये एक लाख नौ हजार ५२९ जनाले गिफ्ट भौचर प्राप्त गरेको सीओओ पानु पौडेलले जानकारी दिए ।

कम्तिमा १३ सयदेखि २ लाखसम्मको गिफ्ट भौचर ती सदस्यले प्राप्त गरिसकेका छन् । यसरी बाँडिने गिफ्ट भौचर कूल २२ करोड ५२ लाख ४९ हजार ३२४ रुपैयाँ बराबर हुनेछ ।

सीओओ पौडेलका अनुसार गिफ्ट भौचर बाँडने कार्य २०८१ माघ ६ गते देखि फागुन ९ गतेसम्म रहने छ ।

भाटभटेनी सुपर स्टोर्सले आफ्ना ग्राहकहरूका लागि धेरै प्रकारको सुविधाका प्याकेज बेला बेलामा घोषणा गर्दै आएको छ । चाड–बाड र पर्वहरूमा पनि सधैं विशेष छूट दिंदै आएको पनि पौडेलले बताएका छन् ।

ग्राहकको सुविधा बाहेक पनि भाटभटेनी सुपर स्टोर्सका अध्यक्ष मीनबहादुर गुरुङले सामाजिक सेवामा ठूलो योगदान दिंदै आएका छन् । गएको असोज महिनामा काठमाडौं र देशका अन्य क्षेत्रमा आएको बाढी पीडितको सहयोगका लागि उनले प्रधानमन्त्री केपी शर्मा ओली मार्फत एक करोड ११ लाख ११ हजार १११ सहयोग गरेका थिए ।

त्यस्तै नेकपा (एमाले)को कार्यालय सो बाढीको डुबानमा परे पश्चात गुरुङले करिब १० रोपनी जग्गा एमाले कार्यालय बनाउन सहयोग गर्ने र त्यसमा भवन पनि बनाइदिने घोषणा गरेका छन् । त्यसअघि डा. भगवान कोइरालाको नेतृत्वमा रहेको बाल अस्पताल (कियोच) लाई ४१ करोड रुपैयाँ सहयोग गरेका छन् ।

त्यस बाहेक पनि जाजरकोटको भूकम्पको बेलामा सहयोग गर्ने, टिचिङ अस्पतालको इमर्जेन्सी भवन बनाइदिने, दुर्गम क्षेत्रका जेहन्दार बिद्यार्थीलाई पूर्ण छात्रवृत्तिमा डाक्टर पढाउने जस्ता अनेक सामाजिक कार्यमा मीन बहादुर गुरुङको देन रहेको छ ।

# मन्त्रीहरूका लागि कुलमान र भूपेन्द्र बने घाँडो ! : विद्युत र दूरसंचार प्राधिकरणमा भद्रगोल

■ आर्थिक संस्कार

संसदका दुई ठूला दल नेकपा एमाले र नेपाली कांग्रेस मिलेर ०८१ असार ३१ वर्तमान सरकार गठन गरेका थिए । सोही बखत नै संसदको बिपक्षी बेञ्चमा पुगेका नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूले धेरै दिन टिक्दैन भनेर अभिव्यक्ति दिएका थिए । उनीहरुको दावी विपरीत वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकार उनीहरुकै सहमति अनुसार नै २०८४ सम्मै जाने संकेत बलियो भइरहेको छ ।

यतिखेर उर्जा, जलस्रोत तथा सिंचाइ र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका लागि विगतको माओवादी केन्द्र नेतृत्वको सरकारका पालामा नियुक्ति गरिएका केही पदहरु भने सरकारका लागि घाँडो बन्दै गएको गुनासो बाहिर आएका छन् ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ यतिखेर उर्जा मन्त्री दीपक खड्काका चुनौती मात्र होइन, टाउको दुखाई बनिरहेका छन । घिसिङ मन्त्री खड्काले न भनेको मान्छन, न त प्राधिकरणमा सुधारका काम नै गर्छन् । उर्जा मन्त्रालयले गठन गरेको ‘टाइम अफ डे’ मिटरको अध्ययन समितिलाई कार्यकारी निर्देशक घिसिङले अवैध भन्दै तथ्यांक दिन अस्वीकार गरेको स्रोतले दावी गरेको छ समितिका सदस्यको सेवा–सुविधा रोकिएको र घिसिङको निर्देशन नमानेको आरोप मन्त्री खड्काले लगाएको बताइन्छ ।

घिसि¨ले मुलुकभर विद्युतीकरण गरी ९९ प्रतिशत क्षेत्रमा पु¥याएको, विद्युत चुहावट २५ प्रतिशतबाट १५ प्रतिशतमा झारेको दावी उनले गर्दै आएका छन् । पुराना विद्युत उत्पादन केन्द्रम मर्मत गरी पुर्ण क्षमतामा उत्पादन, पुराना ट्रान्सर्फमर, पोल र तार नयाँ परिवर्तन गरी आमूल सुधारका काम गरेको दाबी उनले गर्दै आएका छन् ।



कार्यकारी निर्देशक कुलमान घिसिङ दूरसंचारका अध्यक्ष भूपेन्द्र भण्डारी

उता, सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले पनि दूरसंचार प्राधिकरणका अध्यक्ष भुपेन्द्र भण्डारीको कार्यशैलीका कारण समस्यामा झल्दै आएका छन् । २१ सय मेगाहर्ज फ्रिक्वेन्सीको दस्तुर विवादले एनसेल जस्ता दुरसञ्चार सेवा प्रदायक कम्पनीको विदेशी मुद्रा सटही रोकिएको छ । सरकारको स्वामित्वमा रहेको नेपाल टेलिकमले भने सो सुविधा प्राप्त गर्दै आएको छ । जसले गर्दा गएको असोजको दोश्रो सातामा आएको बाढी र पहिरोले भत्काएका संरचना पुनर्निर्माणमा समस्या थपिएको छैन कि इन्टरनेट सेवा ठप्प हुनसक्ने स्थिति पैदा भएको छ ।

इन्टरनेट सेवा प्रदायक र सरकारबीचको बेरुजु विवादका कारण १८ महिनादेखि अन्तर्राष्ट्रिय ब्यान्डविथ आयातबापतको भुक्तानी रोकिएको बताइन्छ । मन्त्री गुरुङले अध्यक्ष भण्डारीलाई बाधा फुकाउन पटक पटक निर्देशन दिएपनि कानुनी अड्चन समाधानमा कुनै पहल नगरेको आरोप उनी माथि लागेको छ । मन्त्री गुरुङले अध्यक्ष भण्डारीलाई हटाउन चाहेपनि प्रक्रिया पूरा नगरी हटाउँदा उनी सर्वोच्च अदालत जानसक्ने आशंका गर्न सकिन्छ ।

०८१ मंसिरमा सम्पन्न आम निर्वाचनपछि प्रचण्ड तेश्रो पटक प्रधानमन्त्री हुँदा सूचना तथा संचारमन्त्री रहेकी रेखा शर्माले आफ्नो आइटी विज्ञ भण्डारीलाई दूरसंचार प्राधिकरणको अध्यक्ष नियुक्त गरेकी हुन् । भण्डारी प्राधिकरणको अध्यक्ष बन्न योग्य व्यक्ति थिएनन् भन्ने चर्चा त्यसबखत नचलेको पनि होइन ।

दुवै प्राधिकरणको नेतृत्वमा रहेका उनीहरुले यतिखेर उर्जा र संचार क्षेत्रमा समाधानका ठोस कदम चाल्न नसक्दा त्यसको मारमा आम उपभोक्ताले समस्या खेप्नु परेको जनगुनासो बढेको छ । मन्त्रीहरूका लागि पनि दुवैजना टाउको दुखाईको विषय भएका छन ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङ्ग उर्जा मन्त्रीको लागि मात्रै नभई ओली नेतृत्वको सिङ्गो सरकारको लागि टाउको दुखाई भइरहेको बताइएको छ । विद्युत प्राधिकरणमा आगामी २०८१ माघ १२ गते तीन जना उपकार्यकारी निर्देशकहरू अनिवार्य अवकास जाने तयारीमा रहेका छन् ।

अर्थ निर्देशनालयका १२ औं तहका उपकार्यकारी निर्देशक लोकहरि लुइटेल, वितरण तथा ग्राहक सेवा निर्देशनालयका प्राविधिक उपकार्यकारी निर्देशक मनोज सिलवालले अवकाश पाउने भएका हुन । इन्जिनियरिङ सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक रामजी भण्डारी र सातौ तहका प्रशासकीय अधिकृत राजकुमार कडरिया पनि अवकासको सूचीमा दर्ज भइसके छन । देविघाट जलविद्युत केन्द्रका ९औं तहका उप–प्रवन्धक सुनिल कुमार चतुर्वेदीले गएको २०८१ पुस ११, तामाकोसी जलविद्युत कम्पनीमा कार्यरत जनक महत क्षेत्री, वीरगन्ज वितरण केन्द्रका इन्जिनियर सिताराम साह, इटहरी वितरण केन्द्रका मनोज ठाकुरले हिजो २०८१ पुस २१ गते अवकास पाएका छन् ।

प्राधिकरणमा पुस महिनादेखि आगामी २०८१ चैत्र मसान्तसम्म कार्यालय सहायक र सवारी चालकदेखि उपकार्यकारी निर्देशकसम्म गरी कुल ४५ जना कर्मचारी अनिवार्य अवकासमा जानेछन् । यी रिक्त दरवन्दीमा कार्यकारी निर्देशक घिसिङ र उर्जा मन्त्रीका विज्ञ सल्लाहकार प्रवल अधिकारीले आफू निकटलाई बढुवा गर्न तीव्ररुपमा चलखेल गर्दै आएको प्राधिकरण स्रोतले दावी गरेको छ ।

# रामकुमार तिवारी बने नेपाल एसबीआई बैंकको सीईओ



■रामकुमार तिवारी

नेपाल एसबीआई बैंकको प्रमुख कार्यकारी अधिकृत (सीईओ) रामकुमार तिवारी नियुक्त भएका छन् । उनलाई भारतीय स्टेट बैंक सञ्चालक समितिको ५२४ औँ बैठकले नेपालका लागि सीईओ नियुक्त गरेको हो । उनको कार्यकाल आजैबाट सुरु हुनेछ । यसअघि पनि उनी बैंकमा भारतीय स्टेट बैंककै प्रतिनिधि बैंकको सीईओ थिए । यसअघि दिपक कुमार दे सीईओको रुपमा बैंकमा थिए । उनको कार्यकाल हिजोबाट सकिएको छ ।

कार्यकाल सकिएसँगै उनलाई भारतीय स्टेट बैंकले फिर्ता बोलाएको छ । तिवारी १७ वर्षदेखि भारतीय स्टेट बैंक अफ इन्डियामा कार्यरत छन् । उनी हाल उक्त बैंकको जनरल म्यानेजर हुन् ।

# चन्द्रागिरिका पानी, तेल तथा डेरी उद्योगमा अनुगमन

■ आर्थिक संस्कार

संयुक्त बजार अनुगमन टोलीले चन्द्रागिरि नगरपालिकाभित्र सञ्चालित खाद्यन्न/किराना पसल, पानी उद्योग, खानेतेल ( तोरी मिल) उद्योग एवं दूग्धजन्य डेरी उद्योगमा अनुगमनलाई तीब्रता दिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागद्वारा हालै प्रयोगमा ल्याइएको अत्याधुनिक घुम्ति प्रयोगशाला ‘ फुडल्याब भ्यान’ मार्फत स्थलगत रुपमा परीक्षण गरिएको सो अनुगमन टोलीमा चन्द्रागिरि नगरपालिका सहित जिल्ला प्रशासन कार्यालय काठमाडौँ, प्रहरी वृत्त थानकोट र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, वाणिज्य आपूर्ती तथा उपभोक्ता संरक्षण विभागको प्रतिनिधि रहेका थिए ।

गत पुस २६ गते सो टोलीले अनुगमनका क्रममा चन्द्रागिरि –१२ स्थित बलम्बुमा रहेको ह्वाइट हिमालयन मिल्क प्रालीले बिक्रीवितरणका लागि तयार गरेको दूधको परीक्षण गर्दा अखाद्य बस्तु अर्थात ‘न्युट्रलाइजर पोजेटिभ’भेटिएको र तत्काल ६०० लिटर दूध नष्ट गरेको थियो । साथै सो उद्योगबाट उत्पादित अखाद्य घिउ, नौनी तथा पनिर समेत अनुगमन टोलीले नष्ट गरेको थियो । नगरपालिकाले सो उद्योगलाई उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार दुईलाख जरिवाना गराइएको जनाइएको छ ।




दूध तथा दूग्ध पदार्थको स्वच्छता एवम् गुणस्तर निर्देशिका २०७५ अनुसार सो उद्योगको दूधको गुणस्तर मापदण्ड जाँच गरिएको थियो । अनुगमन टोलीले चन्द्रागिरि वडा नं ११, १२ र १४ मा सञ्चालित विभिन्न तोरी मिलको अनुगमन समेत गरेको नगरपालिकाले जनाएको छ । यसक्रममा ती मिलबाट उत्पादित तेलको गुणस्तर जाँच गर्दा अखाद्यबस्तु मिसावट गरेको नभेटिएको चन्द्रागिरि नगरपालिका उद्योग, वाणिज्य तथा व्यवसाय प्रवद्र्धन शाखाले जनाएको छ ।

संयुक्त बजार अनुगमन टोलीले गत पुसको अन्तिम साता नै चन्द्रागिरि नगरपालिका वडा नं ८ भित्र सञ्चालित केही खानेपानी उद्योगहरुमा आकस्मिक अनुगमन गरेको थियो । यस क्रममा पानीको गुणस्तर जाँच गरिएका उद्योगद्वारा उत्पादित पानी मापदण्डभित्रै रहेको भेटिएको थियो । अनुगमनका क्रममा टोलीले पानी भर्न अयोग्य केही बोतल तथा जार नष्टगरेको जनाइएको छ ।

# को हुन् आरबीआईका २६ औँ गभर्नर सञ्जय मल्होत्रा ?

■ आर्थिक संस्कार

सन्जय मल्होत्रा फेबुअर १४, १९६८ मा राजस्थान, भारतमा जन्मिएका थिए । ५६ वर्षको उमेरमा, उनले भारतको वित्तीय प्रणालीमा सबैभन्दा महत्वपूर्ण भूमिका खेलेका छन् ।

नरेन्द्र मोदी नेतृत्वको भारतीय मन्त्रिपरिषद्ले राजस्व सचिव मल्होत्रालाई भारतीय आरबीआईको २६ औँ गभर्नरमा नियुक्त गरेको हो। हालका गभर्नर शक्तिकान्त दासको कार्यकाल मंगलबारदेखि सकिएको छ । त्यसको एक दिनअघि नयाँ गभर्नर नियुक्त गरिएको हो ।

आरबीआईमा गभर्नरको कार्यकाल तीन वर्ष हुने प्रावधान छ । नवनियुक्त गभर्नर मल्होत्राको कार्यकाल डिसेम्बर ११ बाट सुरु भएको छ । गभर्नर शक्तिकान्त दासले मल्होत्रालाई शपथ गराएका छन् । विगतमा मल्होत्राले आरबीआई बोर्डमा वित्तीय सेवा विभागको प्रतिनिधिको रूपमा काम गरिसकेका छन् ।

सन् १९९० मा राजस्थानबाट भारतीय प्रशासनिक सेवा (आईएएस) नियुक्त भएका मल्होत्रा भारतीय केन्द्रीय सरकारको वित्त मन्त्रालयका राजश्व सचिव हुन् । आईआईटी कानपुरबाट कम्प्युटर साइन्समा स्नातक र संयुक्त राज्य अमेरिकाको प्रिन्सटन विश्वविद्यालयबाट पब्लिक पोलिसीमा स्नातकोत्तर गरेका छन्।

आफ्नो ३३ वर्षे करियरमा मल्होत्राले ऊर्जा, वित्त, कर, सूचना प्रविधि र खानीलगायत विभिन्न क्षेत्रहरूमा सेवा गरेका छन्। राजश्व सचिव हुनुअघि उनले भारतीय वित्त मन्त्रालयअन्तर्गतको वित्तीय सेवा विभागमा सचिवको पद सम्हालेका थिए।



ब्लूमबर्गको रिपोर्ट अनुसार भारतीय वित्तमन्त्री निर्मला सितारमणसँग बलियो बलियो सहकार्य रहेकोले मल्होत्राले मौद्रिक र वित्तीय नीतिहरूलाई एकसाथ अघि बढाउने अपेक्षा गरिएको छ ।

मौद्रिक नीतिका विषयमा मौन रहे पनि मल्होत्राले कर प्रणालीलाई सरलीकरण गरेर लगानी बढाउने पक्षमा वकालत गर्ने गरेका छन् । उनी निजी क्षेत्रसँग पनि उदार मानिन्छन् ।

इन्फोसिस लिमिटेड जस्ता प्रमुख फर्महरूसँग चलिरहेको करसम्बन्धी मुद्दाको सम्बन्धमा उनले राजस्व अधिकारीलाई आर्थिक विकासमा ध्यान केन्द्रित गर्न र व्यवसायीलाई करसम्बन्धी नोटिस जारी गर्दा विवेकशील हुन भजेका थिए ।

# २० वाणिज्य बैंकमध्ये ११ बैंकले मात्रै लिए लाभांश

■ आर्थिक संस्कार

सञ्चालनमा रहेका २० वटा वाणिज्य बैंकमध्ये ११ वटाले लाभांश वितरण गरेका छन् भने ९ वटा वाणिज्य बैंकले लगाानीकर्तालाई निराश बनाएका छन् ।

२० वाणिज्य बैंकमध्ये सबैभन्दा बढी लाभांश दिने बैंक स्ट्यान्डर्ड चार्टर्ड बैंक रहेको छ । बैंकले २५.५० प्रतिशत लाभांश दिँदा सबैभन्दा कम लाभांश ४ प्रतिशत रहेको छ ।

११ मध्ये १० प्रतिशतभन्दा बढी लाभांश दिने बैंकको संख्या ५ मात्रै छ । सबैभन्दा थोरै लाभांश सिद्धार्थ बैंकले ४ प्रतिशतमात्र दिएको छ ।बैंकहरुको लाभांश विवरणअनुसार कृषि विकास बैंकले १०.५३ प्रतिशत, सिटिजन्स बैंकले ४.२१ प्रतिशत, एभरेस्ट बैंकले १५.५३ प्रतिशत, ग्लोबल आइएमई बैंकले ५.५० प्रतिशत, लक्ष्मी सनराइज बैंकले ५.२६ प्रतिशत, नबिल बैंकले १० प्रतिशत, प्राइम बैंकले ५ प्रतिशत, सानिमा बैंकले ५.२६ प्रतिशत र नेपाल एसबिआई बैंकले १०.६५ प्रतिशत लाभांश दिएको छ ।

२० बैंकमध्ये १९ वटा बैंक नेपाल स्टक एक्सचेञ्ज (नेप्से)मा सूचीकृत छन् । वाणिज्य बैंक भने सूचीकृत छैन । आव २०८०।८१ को नाफाबाट लाभांश नदिने बैंकहरुमा प्रभु बैंक, एनएमबी बैंक, माछापुच्छ्रे बैंक, कुमारी बैंक, हिमालयन बैंक, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, नेपाल बैंक, एनआईसी एसिया बैंक र राष्ट्रिय वाणिज्य बैंक रहेका छन् ।




Aarthik SANSKAR

# बलिउड स्टार सैफ अली खान मुम्बईस्थित घरमा 'डाका प्रयास' क्रममा छुराबिद्ध



**खानलाई छुरा प्रहार गरी छ घाउ लागेपछि हाल शल्यक्रिया भइरहेको छ, जबकि प्रहरी संदिग्धको खोजीमा जुटेको छ।**

■ आर्थिक संस्कार

बलिउड अभिनेता सैफ अली खान मुम्बईस्थित आफ्नो घरमा घुसेको एक घुसपैठीबाट छुराबिद्ध भएका छन्।

५४ वर्षीय खानलाई बिहीबार बिहान करिब ३:३० बजे (बुधबार २२:०० GMT) मुम्बईको नजिकैको अस्पतालमा भर्ना गरिएको थियो। उनलाई छ वटा चोट लागेको छ, जसमा दुई गहिरा घाउ रहेका छन् र एउटा मेरुदण्ड नजिक रहेको ANI समाचार एजेन्सीले अस्पतालका प्रमुख सञ्चालन अधिकृतलाई उद्धृत गर्दै जनाएको छ।

खानका सार्वजनिक प्रतिनिधिहरूले पनि घटनालाई पुष्टि गर्दै यसलाई "डाका प्रयास" भनेका छन् र "बाँकी परिवार सकुशल रहेको" बताएका छन्।

बिहीबार पछिल्लो जानकारीअनुसार, वरिष्ठ प्रहरी अधिकारी गेडाम दिक्षितले रोयटर्स समाचार एजेन्सीलाई भने, "खानलाई उपचार गरिँदैछ ... र अब उनी खतरा मुक्त छन्।"

प्रहरीका अनुसार, खानको घरमा कार्यरत एक महिला कर्मचारी पनि आक्रमणमा परेकी थिइन् र उनको पनि उपचार भइरहेको छ।

खान पश्चिम मुम्बईको बांद्रा उपनगरस्थित अपार्टमेन्टमा आफ्नी पत्नी करिना कपुर-खान, जो आफैं पनि अभिनेत्री हुन्, र उनीहरूका दुई सन्तानसँग बस्दै आएका छन्।NDTV का अनुसार, प्रहरीले संदिग्धको खोजी गरिरहेको छ र घटनाबारे अनुसन्धान सुरु गरिसकेको छ।

खान भारतका चर्चित अभिनेतामध्ये एक हुन्। उनले ७० भन्दा बढी चलचित्र र टेलिभिजन शृंखलामा अभिनय गरिसकेका छन्, केहीमा उनले निर्माता भूमिका पनि निभाएका छन्। उनी भारतका पूर्व क्रिकेट कप्तान मन्सुर अली खान पटौदी र अभिनेत्री शर्मिला टेगोरका छोरा हुन्।

**'असुरक्षित महसुस'**

खानमाथिको आक्रमणपछि सामाजिक सञ्जालमा उनका प्रशंसक, राजनीतिज्ञ तथा बलिउडका सहकर्मीहरूले ऐक्यबद्धता जनाउँदै स्वास्थ्य लाभको कामना गरेका छन्।

"सैफ सरमाथि आक्रमणको खबर सुन्दा स्तब्ध र दुःखी छु। उहाँको छिटो निको होस् भन्ने कामना गर्दछु," अभिनेता एनटीआर जूनियरले एक्स (पूर्व ट्विटर) मा लेखेका छन्।

साथै, सेलिब्रिटीहरू, प्रतिपक्षी नेताहरू र अन्य सार्वजनिक व्यक्तित्वहरूले सुरक्षालाई अझ बलियो बनाउन आह्वान गरेका छन्।

"यदि यति उच्च-प्रोफाइल व्यक्तिहरू, जसको सुरक्षा व्यवस्था पनि राम्रो छ, आफ्नै घरमा आक्रमणको सिकार बन्न सक्छन् भने, साधारण नागरिकहरूलाई के हुन सक्छ?" शरद पवार नेतृत्वको नेशनलिस्ट कांग्रेस पार्टीका प्रवक्ता क्लाइड क्रास्टोले सामाजिक सञ्जालमा लेखेका छन्।

अभिनेत्री तथा फिल्म निर्माता पूजा भट्टले पनि फिल्म उद्योगका थुप्रै कलाकारहरू बसोबास गर्ने उक्त उपनगरमा प्रहरीले आफ्नो उपस्थिति बढाउनुपर्ने बताएकी छन्।

"यो शहर, विशेषगरी उपनगरको यो भाग, अहिलेसम्म कहिल्यै यति असुरक्षित महसुस भएको थिएन," उनले एक्समा लेखेकी छन्।

# जापानी युट्यूबर उपन्यासकारले दृश्यात्मक र पहुँचयोग्य हॉररमार्फत वैश्विक दर्शकलाई आकर्षित गर्दै

■ आर्थिक संस्कार




उकेत्सु, जसको नामको अर्थ "वर्षा का घाँटी" हो, जुन दुई शब्दलाई उनी माया गर्छन्, जापानको नयाँ युट्यूब स्टार र मिलियन-सेलिङ्ग मिस्ट्री लेखक हुन्।

उनी ब्ल्याक बोडिसुट र सेतो मास्क लगाउँछन्, इलेक्ट्रोनिकली परिवर्तन गरिएको चिच्याहट आवाजमा बोल्छन् र असामान्यताको माध्यमलाई आफ्नो कला बनाएका छन्।

उकेत्सुले भने, "सबैलाई असहज महसुस गराउन मेरो विशेषता हो," उनले बिहीबार टोकियोमा विदेशी पत्रकारसँग कुरा गर्दै भने।

उनको पहिलो किताब "Strange Pictures" यस हप्ता ३० देशहरूमा, संयुक्त राज्य अमेरिकामा अंग्रेजीमा, सार्वजनिक हुँदैछ। यसले वैश्विक रूपमा १.५ मिलियन प्रतिहरू बिक्री गरेको छ, प्रकाशकका अनुसार।

उकेत्सुको कथा सुनाउने शैलीले पाठकहरूलाई धीरै-धीरै समाधान हुने डरावना पहेलीमा समेट्नका लागि चित्र र आरेखहरूलाई पाठसँग जोडेको छ। ती चित्रहरूले चिसो र भयानक घटनाहरूको रहस्य उजागर गर्ने सङ्केतका रूपमा काम गर्छन्।

यो शैली विशेष गरी युवा पुस्तासँग मिलेर काम गरेको छ, जसले साहित्य भन्दा मङ्गा कमिक्स, भिडियो गेम र सामाजिक सञ्जालसँग बढी परिचित छन्। यहाँका केहि बालबालिकाले हलोविनका लागि उकेत्सुको रूपमा पोशाक लगाएका थिए।उकेत्सु, जसले महान जापानी मिस्ट्री लेखक रान्पो एडोगावा लाई आफ्नो प्रेरणा स्रोतको रूपमा चिन्हित गरेका छन्, भनेका छन् कि उनी आफ्नो कृतिहरूलाई सबैको पहुँच योग्य बनाउन चाहन्छन्, यहाँसम्म कि ती व्यक्तिहरूका लागि पनि जो पढ्न मन पराउँदैनन्।

उकेत्सुले आफ्नो अनलाइन उपस्थितिलाई प्रयोग गरेर एक दर्शक वर्गलाई आकर्षित गरेका छन्। उकेत्सुको युट्यूब च्यानलमा १.७ मिलियन सब्सक्राइबर्स छन् र १९० मिलियनभन्दा बढी दृश्यहरू प्राप्त भएका छन्।उनको पहिलो युट्यूब हिट, "The Strange House," एउटा अजीब फ्लोरप्लान भएको घरको बारेमा हो, जसमा एक जेल-जस्तो कोठा पनि समावेश छ। यो गत वर्ष फिल्ममा परिणत भयो र जापानी बक्स अफिसमा ५ बिलियन येन (३२ मिलियन डलर) भन्दा बढी कमायो।"मेरो कथाहरू साँचिकै डर लाग्दो छन्," उकेत्सुले भने, र उनको विचित्र रूपको बावजूद उनी शान्त र गम्भीर देखिन्छन्।

उनी शपथ लिनुहुन्छ कि मास्कको पछाडि उनी सामान्य देखिन्छन्। यदि उनले मास्क हटाए भने, कोही पनि उनलाई चिन्न सक्दैन।

तर उनले यो स्वीकारे कि आफ्नो छवि पुस्तकहरूमा राख्नुले प्रतिहरू बिक्री गर्न मद्दत गर्छ, यद्यपि यसलाई केवल एक प्रचारको रूपमा खारेज नगरीकन।

उकेत्सु आफ्नो अर्को पुस्तकमा काम गरिरहेका छन् र एक गीत पनि सार्वजनिक गरेका छन्, फुताबाशा प्रकाशनका उपनिर्देशक ताकुजी वाटानाबेका अनुसार, जसले उकेत्सुको कृतिहरू प्रकाशित गर्दछ।

वाटनाबेले उकेत्सुले कति पैसा कमाएको भनेको छैन तर उनी शपथ लिन्छन् कि उकेत्सु जापानी हॉररको "एक शताब्दीमा एक स्टार" हुन्।

# फिल्म 'कार्साङ'को कमाइ ६ दिनमा १ करोड ४५ लाख



■ आर्थिक संस्कार

दयाहाङ अभिनित फिल्म 'कार्साङ'ले ६ दिनमा एक करोड ४५ लाख रुपैयाँ ग्रस कलेक्सन गरेको छ । गत शुक्रबारबाट रिलिज भएको फिल्मले ६ दिनमा १ करोड ४५ लाख रुपैयाँ ग्रसकलेक्सन गरेको फिल्मको वितरक कम्पनी आरआार फिल्म्सले जनाएको छ । यो बुधबारसम्मको तथ्याङ्क हो । फिल्मलाई यम शेर्पाले निर्देशन गरेका छन् । फिल्ममा दयाहाङसँगै सिर्जना निङलेखु,सँगै जितु नेपाल, दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, प्रेम लोप्चन र सुरवीर पण्डितलगायत कलाकारको अभिनय छ ।

# ल्योनार्डो डिक्याप्रियोले LA आगोको घटना सँग जुद्न $1 मिलियन दान गरेका छन्।



■ आर्थिक संस्कार

अस्कर विजेता अभिनेता लियोनार्डो डिकैप्रियोले लस एन्जलस काउन्टीमा जारी जंगल आगोको राहत र पुनर्निर्माण प्रयासहरूका लागि $१ मिलियन डोनेशनको घोषणा गरेका छन्।

अभिनेताले आफ्नो सामाजिक मिडियामा यो घोषणा गर्दै क्षेत्रका पछिल्ला जंगल आगोको विनाशकारी प्रभावप्रति चिन्ता व्यक्त गरेका छन्। इन्स्टाग्राम स्टोरीमा साझा गरेको सन्देशमा डिकैप्रियोले लेखेका छन्, "लस एन्जलसको जंगल आगोले हाम्रो शहरलाई नष्ट गर्दैछ। म @rewild को र्यापिड रिस्पन्स प्रोग्रामसँग साझेदारीमा $१ मिलियन डोनेशन गर्दै छु जसले आपतकालिन आवश्यकताहरू र आगो पछि पुनर्निर्माण प्रयासहरूलाई सहयोग गर्नेछ।"

यो रकम विभिन्न संगठनहरूलाई तुरुन्तै सहायता पुर्याउन प्रयोग गरिनेछ, जसमा LA फायर डिपार्टमेन्ट फाउन्डेसन, क्यालिफोर्निया फायर फाउन्डेसन, वर्ल्ड सेंट्रल किचन, क्यालिफोर्निया कम्युनिटी फाउन्डेसन, पासाडेना ह्युमेन सोसाइटी, र सोक्याल फायर फण्ड समावेश छन्। यी संगठनहरू आगोबाट प्रभावित समुदायहरू, फर्स्ट रेस्पोन्डर्स र फायरफाइटरहरूलाई आवश्यक स्रोतहरू प्रदान गर्नमा केन्द्रित छन्।

डिकैप्रियोले हालैको आगो प्रकोपको बेला राहतका लागि योगदान दिने प्रसिद्ध व्यक्तिहरूको बढ्दो सूचीमा सामेल भएका छन्।

यसको साथ, लियोनार्डो डिकैप्रियोलाई आफ्नी साथी, मोडेल भिटोरिया सेरेट्टीसँग निजी जहाजमा लस एन्जलसको आगोबाट बाहिर निस्किएको कारण आलोचना गरिएको थियो। धेरैले यस्तो स्थितिमा निजी हवाई यात्रा गर्ने पर्यावरणीय प्रभावका बारेमा प्रश्न उठाएका थिए, जसले कार्बन उत्सर्जनमा महत्वपूर्ण योगदान पुर्याउँछ।

अन्य सेलिब्रिटीहरूको योगदान:

बियोन्सेले ईटन फायरका पीडितहरूलाई $२.५ मिलियन डोनेट गरेकी छन् भने, जेमी ली कर्टिस, क्रिस्टोफर गेस्ट र एवा लङ्गोरियाले प्रत्येक $१ मिलियन वचन दिएका छन्। पेरिस हिल्टनले हालै मात्र ७२ घण्टाभित्र $८००,००० जम्मा गरेकी छन्। टेक कम्पनीहरू गूगल र यूट्यूबले $१५ मिलियनको संयुक्त योगदानको घोषणा गरेका छन् भने, मेटा CEO मार्क जुकरबर्ग र उनकी पत्नी, प्रिसिला चानले $४ मिलियन डोनेशन गर्ने वचन दिएका छन्।

# निडर राइडर 'महिलाहरू एक्लै घुम्न–डुल्न थाले भने आत्मविश्वास बढ्छ, समाजले हेर्ने नजर पनि बदलिन्छ ।'



■ आर्थिक संस्कार

**शीतल गिरी**

उनको यात्रालाई न घामले छेक्छ, न पानीले । मोटरसाइकलमा घुम्दै-डुल्दै भिडियो बनाउन थालेको पाँच वर्ष भइसक्यो । उनले यात्राका सुखदुःख अनुभव र दृश्यलाई सोसल मिडियामार्फत देखाइरहेकी छन् । राइडर बन्नु र घुम्नु उनको सोख हो । यही सोख पूरा गर्न दिनरात मेहनत गरिरहेकी छन् ।

उनी हुन्, शीतल गिरी । उनलाई "मोटो भ्लगर" भने पनि हुन्छ । क्रसफायर बाइक लिएर उनले तीन वर्षअघि "मोटो भ्लग" सुरु गरेकी हुन् । काठमाडौं बाहिरको पहिलो यात्रा बन्दीपुरको थियो, जहाँ बाइक लिएर निस्किएकी थिइन् । अहिले उनको यात्रा सुदूरपश्चिमतिर मोडिएको छ । "त्यहाँको भौगोलिक सुन्दरता र संस्कृतिले लोभ्याउँछ, त्यही कारण धेरैपटक सुदूरतिर पुग्छु," उनी भन्छिन् ।

शीतलले दोलखाको कालिञ्चोक, मकवानपुरको दामन,नुवाकोटको दुप्चेश्वर, मुगुको राराताल, कास्कीको घान्द्रुक, स्याङ्जाको सिरुबारी, मनाङ, मुस्ताङदेखि शे-फोक्सुन्डो, रुकुमकोटसम्म बाइकमा एक्लै यात्रा गरिसकेकी छन् । एकल यात्राको आँट र विश्वास उनी आफैले भरेकी छन् ।

केटी मान्छेले बाइक कुँदाएको, एक्लै हिँडेकामा उनीमाथि थुप्रै प्रश्न आउँछन् । "एक्लै हिँडेको रू डर लाग्दैन रू साथी त होला नि रू" जहाँ पुग्छिन्, यस्ता प्रश्नको सामना गरिरहन्छिन् । महिलालाई एक्लै हिँड्न सक्दैनन् भन्ने समाजको सोचाइ र महिला राइडरहरू थोरै हुनुले पनि यस्ता प्रश्न आउने गरेको उनको बुझाइ छ । "महिलाहरूले बाइक चलाएको देख्दा काठमाडौंमा त अचम्म मान्छन्, बाहिर त कसैले विश्वास नै गर्दैनन्," उनले सुनाइन् । यही भएर उनले महिलालक्षित ड्राइभिङ पनि सिकाइरहेकी छन् । यसले महिलालाई आत्मविश्वास बढाउने उनको अपेक्षा छ । भन्छिन्, "महिलाहरू एक्लै घुम्न-डुल्न थाले भने आत्मविश्वास बढ्छ, समाजले हेर्ने नजर पनि बदलिन्छ ।"

**वर्षा बस्नेत**

उमेरले १८ वर्ष पुग्दैथिइन्वर्षा बस्नेत । २०१३ मा होन्डा डिभा कप स्कुटर रेसमा भाग लिइन् । स्कुटर रेसबारे उनी न जानकार थिइन्, न त तालिम नै लिएकी थिइन् । चुनौतीपूर्ण फरक काम गर्ने सोच राख्ने उनी अन्ततः "स्टन्ट राइडर" बन्न पुगिन् ।

स्टन्ट राइडिङको १२ वर्षको यात्रामा उनले "नेसनल लेडिज राइडर च्याम्पियन अवार्ड-२०२४" हासिल गरिन् । यति मात्रै होइन स्टन्ट रेसमा उनले राष्ट्रियदेखि अन्तर्राष्ट्रियस्तरमा सहभागिता जनाइसकेकी छन् ।



'करिअरको लामो यात्रामा अहिले च्याम्पियन अवार्ड हासिल गरें,' उनले खुसी व्यक्त गरिन्, 'यही नै मेरो सफलता हो ।' नेपालमा थुप्रै राष्ट्रिय अवार्ड जित्न सफल उनले थाइल्यान्ड र मलेसियामा पनि प्रतिनिधित्व गरिसकेकी छन् । उनलाई विदेशमै गएर करिअर बनाउने रहर नपलाएको होइन । तर यहीँ राम्रो गर्न सके अन्तर्राष्ट्रिय प्रतिनिधित्वमा सहज हुन्छ भन्ने लागेको उनले सुनाइन् ।

अवार्ड पाउनुका पछाडि वर्षाका थुप्रै संघर्ष पनि जोडिएका छन् । बाइक, स्कुटरदेखि कति लडिन्,कतिपटक चोट लाग्यो, कुनै हेक्का छैन उनलाई । उनका शरीरमा खत अझै छन् । त्यसो त परिवारका धेरै सदस्य राष्ट्रसेवक सुरक्षाकर्मी जस्तो चुनौतीपूर्ण काममा रहेकाले पनि उनलाई फरक काम गर्ने सोख पलाएको हो । 'मलाई राइडर बन्नुमा त्यो पनि ठूलो प्रेरणा बन्यो,' उनले भनिन् ।

सुरुवाती समयमा कम महिला राइडर थिए, अहिले संख्यात्मक रूपमा बढेको देखेकी छन् । महिलाहरू राइडर बन्दा नै उनलाई ठूलो सफलता लाग्छ । तर लामो समय टिक्ने अवस्था भने नरहेको उनी बताउँछिन् । राइडरलाई अगाडि बढ्न प्रोत्साहन नहुने भएकाले करिअरले निरन्तरता पाउन नसकेको उनको भनाइ छ । उनको अबको रहर भने अन्तर्राष्ट्रिय स्तरमा उपाधि जितेर आफ्नो देशलाई चिनाउनु छ ।

THE BANKER
BANK OF THE YEAR 2023 NEPAL
prabhu bank

# आर्सेनल २-१ टोटेनहम | प्रिमियर लिग हाइलाइट्स




■ आर्थिक संस्कार

आर्सेनलले टोटेनहमलाई २-१ ले पराजित गर्दै प्रिमियर लिगको शीर्ष स्थानमा रहेको लिभरपुलसँगको दूरी चार अंकमा झार्यो
मिकेल आर्टेटाको टोलीले मंगलबार नोटिङ्घम फरेस्टसँग लिभरपुलको बराबरीको फाइदा उठाउँदै, उत्तरी लन्डन डर्बीमा लिएन्ड्रो ट्रोसार्डको निर्णायक गोलमार्फत एमिरेट्स स्टेडियममा महत्वपूर्ण जित निकाल्यो।
गत दुई सिजनमा आर्सेनल म्यानचेस्टर सिटीको पछि दोस्रो स्थानमा रह्यो र यसपटक फेरि उपाधि दौडमा छ। तर, स्पर्सले खेलको २५औँ मिनेटमा सोन हिउङ-मिनको गोलमार्फत अग्रता लिएपछि गनर्स दबाबमा परेका थिए।
४०औँ मिनेटमा डोमिनिक सोलान्केले कर्नरबाट आएको बल क्लियर गर्ने प्रयास गर्दा आत्मघाती गोल गरेपछि खेल बराबरीमा पुग्यो। चार मिनेटपछि ट्रोसार्डले पेनाल्टी क्षेत्र भित्रैबाट कम ताकतिलो तर सटिक प्रहार गर्दै आर्सेनललाई अग्रता दिलाए।
लिभरपुलसँग दोस्रो स्थानमा रहेको आर्सेनलभन्दा एक खेल कम छ, तर पछिल्ला दुई लिग खेल बराबरी खेलेपछि महत्वपूर्ण अंक गुमाएको छ। सबै प्रतियोगितामा पछिल्ला चार खेलमा लिभरपुलले केवल एक जित निकालेको छ, जुन एफए कपमा चौथो श्रेणीको एक्रिङ्टन स्ट्यान्लीविरुद्ध आएको थियो। म्यानचेस्टर युनाइटेडसँग पेनाल्टीमा पराजित हुँदै एफए कपबाट बाहिरिएको निराशाजनक अवस्थालाई आर्सेनलले छिट्टै भुलाउँदै पुनरागमन गर्‍यो। यो जितसँगै आर्सेनलले तेस्रो स्थानमा रहेको फरेस्टसँगको अग्रता दुई अंकले बढाएको छ।

# लेब्रोन जेम्सले २०११ को लकआउट समयमा NFL का लागि साट्ने विचार गरेका थिए।

■ आर्थिक संस्कार

लेब्रोन जेम्सले NBA मा लगभग सबै उपलब्धिहरू हासिल गरिसकेका छन्। तर एक छोटो समयमा, उनको कथा पूर्ण रूपमा फरक हुन सक्थ्यो।
जेम्स NFL को ठूला प्रशंसक हुन् – उनले आफ्नो गृहनगर क्लिभल्यान्ड ब्राउन्सका खेलहरूमा सहभागी भएको देखिएको छ। तर २०११ को NBA लकआउटको बेला, उनले साँच्चै नै बास्केटबल छोडेर फुटबल खेल्नेबारे सोचेका थिए।
"मलाई थाहा थिएन हामी कहिले मालिकहरूसँग सम्झौता गर्नेछौं र हाम्रो लिग पुनः सुरु हुनेछ," जेम्सले सुपर बाउल विजेता दाजुभाइ, जेसन र ट्राभिस केल्सी द्वारा सञ्चालित "New Heights" पोडकास्टमा भने। "त्यसैले मैले त्यतिबेला यसबारे केही सोचें।
"त्यो समय म अझै युवा थिएँ, अनि तपाईंहरूसँग मैदानमा जान सक्ने अवस्थामा थिएँ। त्यो नै एक मात्र समय हो जब मैले यसलाई गम्भीर रूपमा लिएको थिएँ। मैले सधैं NFL खेल्ने सपना देख्थें। तर मेरो सपनामा बल कहिल्यै सुरू हुँदैन। म वार्मअप गर्दैछु, रुटहरू दौडिरहेको छु, तर खेल सुरू हुनेबित्तिकै म ब्युँझन्छु। यसले मलाई देखाउँछ कि म त्यहाँ हुने मान्छे थिइनँ।"
जेम्स बास्केटबल इतिहासका सबैभन्दा महान खेलाडीमध्ये एक हुन्। तर NBA मा ड्राफ्ट हुनुअघि, उनी हाईस्कुलमा बास्केटबल र फुटबल दुवैमा उत्कृष्ट थिए।




उनी St. Vincent-St. Mary हाईस्कुलबाट तीन पटक बास्केटबल राज्य च्याम्पियन भए, साथै स्कूलको फुटबल टिममा वाइड रिसिभरको रूपमा खेले। आफ्नो दोस्रो वर्षमै उनलाई First Team All-State घोषित गरियो।
उनी केही ठूला कलेज फुटबल टिमहरूबाट अफरको विषय बनेका थिए। Ohio State का मुख्य प्रशिक्षक जिम ट्रेसलले उनलाई दुई खेल खेल्ने अवसर दिन चाहेका थिए, र ESPN अनुसार अर्बन मेयरले पनि उनलाई भर्ती गर्न खोजेका थिए।
"मैले St. Vincent-St. Mary हाईस्कुल भ्रमण गर्दा, प्रशिक्षक जिम मेयरले मलाई एउटा भिडियो देखाए," मेयरले ESPN सँग भने। "म अचम्मित भएँ। उनी ६ फिटभन्दा अग्ला, ठूलो कदका थिए। मैले तत्काल उनलाई अफर गर्न चाहें।"
तर अन्ततः, जेम्सले बास्केटबल रोजे। तर फुटबल खेल्ने विचार सधैं उनको दिमागमा बसेको थियो।
जब उनलाई सोधियो कि यदि उनले NFL रोजेको भए आफूलाई कुन खेलाडीहरूसँग तुलना गर्ने थिए, उनले केही दिग्गजहरूको नाम लिए।
"सायद (चार पटक सुपर बाउल जितेका) रोब ग्रोनकोस्की र र्‍यान्डी मोसको मिश्रण। तर उनी मभन्दा साना छन्। उनी मभन्दा छिटो दौडिन्छन्, तर मभन्दा साना छन्। तर 'Megatron' (क्याल्भिन जोन्सन) को जस्तै शरीर संरचना छ," ४० वर्षीय जेम्सले भने। "(छह पटक All-Pro टाइट एन्ड) टोनी गोन्जालेज, जसले बास्केटबल पनि खेलेका थिए, मलाई उनको गोलपोस्टमा डङ्क गर्ने सेलिब्रेसन मन पर्थ्यो।"
उनको हाईस्कुल फुटबल करियरलाई लिएर धेरैले विश्वास गर्थे कि उनले NFL मा पनि सफल हुन सक्थे।
जब उनलाई सोधियो कि NBA बाट NFL मा जान गाह्रो हुन्छ कि NFL बाट NBA मा, उनले सोचेर जवाफ दिए।
"म भन्छु कि NBA खेलाडीहरूका लागि NFL मा प्रयास गर्न सजिलो हुन्छ, NFL खेलाडीहरूका लागि NBA मा प्रयास गर्नभन्दा। NBA खेलाडीले NFL मा जान चाहेमा, उसलाई केही समयको रूपान्तरण आवश्यक हुन्छ।
"मेरो लागि, मुख्य चुनौती पुनः टक्कर खान अभ्यस्त हुने नै हुने थियो। हाईस्कुलमा गर्मीभरि बास्केटबल खेलिसकेपछि फुटबलको फॉल सिजन सुरू हुँदा, पहिला टक्कर खान अभ्यस्त हुन गाह्रो हुन्थ्यो। हेल्मेट र शोल्डर प्याडहरू लगाएर अभ्यास गर्दा, फेरि टक्कर खान सिक्नुपर्ने थियो।
"तर फुटबलबाट बास्केटबलमा आउनु भनेको धेरै समन्वय, दौड, र जम्पिङको निरन्तरता हो," उनले थपे।
उनले NBA का रसेल वेस्टब्रुक वा एन्थोनी एडवर्ड्स NFL मा प्रयास गरे राम्रो गर्न सक्ने बताए।

# अन्योलता र अनिश्चितताबीच साग हुने सम्भावना

■ आर्थिक संस्कार

पाकिस्तानी ओलम्पिक कमिटीका अध्यक्ष आरिफ सइदले १४ औं दक्षिण एसियाली खेलकुद (साग) को आयोजनाका लागि फेब्रुअरी २५ र २६ मा बैठक बोलाएका छन् । बैठक पाकिस्तानको लाहोरमा हुनेछ । यससँगै अन्योलता र अनिश्चितताबीच साग हुने सम्भावना बढेको छ ।
पाकिस्तानले नै अबको दक्षिण एसियाली खेलकुदको आयोजना गर्दैछ । सइद दक्षिण एसियाली ओलम्पिक काउन्सिल (एसएओसी) पनि अध्यक्ष हुन् ।
बैठकका अवसरमा प्रतियोगिताको आयोजना मिति, समावेश हुने खेल तथा आयोजना स्थलबारे छलफल हुनेछ । त्यस अवसरमा सहभागीलाई सम्भावित खेल स्थलको भ्रमण पनि गराइने छ । बैठकमा प्रतियोगितालाई लिएर आवश्यक थप विविध विषयमा पनि छलफल हुनेछ ।
सन् २०१९ मा नेपालमा १३ औं दक्षिण एसियाली खेलकुदको आयोजना भएको थियो । त्यतिबेला पाकिस्तानी ओलम्पिक कमिटीका अध्यक्ष जनरल आरिफ हुसेनलाई नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले झण्डा हस्तान्तरण गरेका थिए ।

# ग्रेग नॉर्मनलाई LIV Golf को प्रमुख पदबाट हटाएर एक अग्रणी अमेरिकी खेल कार्यकारीलाई नियुक्त गरिएको छ।

■ आर्थिक संस्कार

ग्रेग नॉर्मनले आधिकारिक रूपमा प्रमुख कार्यकारी र आयुक्त पदबाट हटाइएपछि LIV Golf ले "सधैंका लागि खेल परिवर्तन गरेको" घोषणा गरे। तर, यो अष्ट्रेलियन खेल हस्ती साउदी समर्थित सर्किटसँग "संलग्न रहिरहने" छन्।
नॉर्मनको बिदाइ पूर्वानुमान गरिएको थियो, तर अब पूर्ण रूपमा पुष्टि भएको छ। उनले LIV Golf को नाटकीय सुरुवातदेखि नेतृत्व गरेका थिए, जसमा उनले PGA Tour बाट ठूला च्याम्पियनहरूलाई तानेपछि रोरी म्याकइल्रोय र टाइगर वुड्सजस्ता खेलाडीहरूसँग टकराव गरेका थिए। अब अमेरिकी खेल कार्यकारी स्कट ओ'निलले नेतृत्व सम्हाल्ने भएका छन्।
नॉर्मनले सुरू गरेको द्वन्द्व अब क्रमशः कम हुँदै गएको छ। PGA Tour र LIV का साउदी समर्थक, सार्वजनिक लगानी कोष (PIF), नयाँ सम्झौताबारे छलफल गरिरहेका छन्, जसले यी दुईलाई नजिक ल्याउनेछ। तर, विगत तीन वर्षमा उनले गोल्फ खेलमा पुर्‍याएको प्रभाव अस्वीकृत गर्न सकिँदैन।
उनको नेतृत्वमा, LIV Golf ले जोन रहम र क्यामरुन स्मिथजस्ता मेजर च्याम्पियनहरूलाई अनुबन्ध गर्यो, जब दुवै खेलाडी विश्वमा दोस्रो स्थानमा थिए। यसअघि ब्रूक्स कोएप्का, ब्रायसन डि चाम्बो, डस्टिन जोन्सन, र फिल मिकल्सनजस्ता खेलाडीहरूलाई भित्र्याइएपछि LIV ले ठूलो प्रभाव पारेको थियो।
"मैले यो यात्रा ३० वर्षभन्दा अगाडि सुरू गरेको थिएँ, मेरो मन र दिमागमा गोल्फ खेल र यसको पेशेवर खेलाडीहरू उचित मूल्यांकन गरिएको छैन भन्ने स्पष्ट थियो। LIV Golf को माध्यमबाट, हामीले सधैंका लागि खेल परिवर्तन गर्यौं," नॉर्मनले आफ्नो बिदाइमा भने।



"हामीले हासिल गरेका उपलब्धिहरू प्रति म अत्यन्त गर्वित छु, र अहिले लिग जहाँ उभिएको छ त्यसप्रति म पूर्ण सन्तुष्ट छु।"
"म व्यवस्थापनको जिम्मेवारी अर्को पुस्तालाई हस्तान्तरण गर्न उत्साहित छु, तर अझै पनि LIV Golf को वृद्धिमा योगदान दिन तयार छु। Long LIV Golf!"
नॉर्मनलाई धेरै खेलाडीहरूले प्रशंसा गरेका छन्, विशेष गरी सात, आठ, र नौ-अङ्कको साइनिङ बोनस प्राप्त गर्ने खेलाडीहरूले। स्मिथले मात्र $140 मिलियनको सम्झौता पाएका थिए।
मार्क लिसम्यान, जो स्मिथको अस्ट्रेलियन टिम "Ripper GC" मा सामेल भएका थिए, उनले भने, "नॉर्मनले गोल्फलाई राम्रो खेल बनाउने प्रयासमा आफ्नो सबै लगानी गरे। उनले सम्मान पाउन योग्य छन्।"
तर, LIV Golf का अध्यक्ष यासिर अल-रुमायनले नॉर्मनलाई "LIV Golf को प्रारम्भिक सफलताका लागि आधारशिला" भनेर प्रशंसा गरे पनि, नॉर्मनले विश्व वरियताका लागि संघर्ष गुमाए। LIV मा आएका खेलाडीहरूले प्रमुख च्याम्पियनसिप खेल्न कठिनाइ भोगे, साथै उनले अमेरिकामा ठूला प्रसारण सम्झौता गर्न असफल भए।
मिलरलाई ल्याउने निर्णय पनि रहम र अन्य खेलाडीहरूले PGA Tour सँगको सम्झौता छलफलमा अधिक प्रगति चाहेको प्रतिक्रिया दिएपछि आएको हो।
"जब यो रूपरेखा सम्झौता डेढ वर्ष अगाडि भएको थियो, हामी अहिले सम्म केही थप प्रगति हुने अपेक्षा राख्थ्यौं," रहमले भने।
"तर, हामीलाई भित्र के भइरहेको छ भन्ने स्पष्ट थाहा छैन। त्यो मेरो भन्दा माथिल्लो तहका व्यक्तिहरूको निर्णय हो। मलाई थाहा छैन उनीहरूको दृष्टिकोण के हो वा उनीहरूले यसबाट के अपेक्षा गरेका छन्। तर हामीमध्ये धेरैजना कुनै निष्कर्षमा पुगेर उपभोक्ताहरूका लागि उत्कृष्ट उत्पादन दिन चाहन्छौं।"
"हामी अहिले गोल्फको सुनौलो युगमा छौं, जहाँ सम्भावनाहरू असीमित छन्। युरोप र विश्वभर ठूलो टूर छ, PGA Tour छ, LIV छ, र अब TGL पनि थपिएको छ। यसले गोल्फलाई खेलकुदको नयाँ स्तरमा पुर्‍याउन सक्छ।"
"सही योजना र सहकार्य गरियो भने, गोल्फ विश्व खेलकुदमा नयाँ उचाइमा पुर्‍याउन सकिन्छ भन्ने मेरो विश्वास छ। म अझै पनि आशावादी छु कि हामी सही दिशामा जानेछौं, चाहे त्यो जुनसुकै रूप होस्।"

# भारतले क्रिकेट यात्रामा श्रीमती र प्रेमिकालाई प्रतिबन्ध लगायो।



■ आर्थिक संस्कार

अस्ट्रेलिया भ्रमण गर्न कठिन स्थान हो, जहाँको तीव्र गतिका घातक बलिङ आक्रमण र उग्र भीडले खेलाडीहरूलाई दबाबमा पार्न सक्छ।
घरबाट टाढा रहँदा क्रिकेटरहरूका लागि एक्लोपन थकाउने अनुभव हुन सक्छ।
दबाब बढ्दै जान्छ, र अतीतका साथै वर्तमानका धेरै खेलाडीहरू लामो भ्रमणको एक्लोपनसँग संघर्ष गरिरहेको देखिनु कुनै आश्चर्यको कुरा होइन। समयसँगै, श्रीमतीहरू र प्रेमिकाहरू टोलीसँगै यात्रा गर्न पाउने परम्परा स्थापित भएको थियो, जसले खेलाडीहरूलाई मानसिक तनावबाट केही राहत दिन मद्दत गर्ने विश्वास गरिन्थ्यो।
भारतको हालैको अस्ट्रेलिया भ्रमणमा खेलाडीहरूको जीवनसंगीहरूको उपस्थिति सामान्य देखियो।
क्रिकेट प्रेमीहरूले विराट कोहलीलाई बलिउड स्टार अनुष्का शर्मासँग, जसप्रीत बुमराहलाई उनकी पत्नी सञ्जना गणेशनसँग, र केएल राहुललाई अभिनेत्री अथिया शेट्टीसँग देख्न बानी परिसकेका थिए।
तर, बोर्डर-गावस्कर शृंखलामा भारतको ३-१ को हारपछि क्रिकेट प्रशासनकर्ताहरू असन्तुष्ट बनेका छन्। टोलीको कमजोर प्रदर्शनको कारण पत्ता लगाउने विषयमा धेरै बहस चलेको छ।
र, दोष लगाइने एउटा अनौठो समूह फेला परेको छ— श्रीमतीहरू।
केही मानिसहरूको भनाइमा, लामो भ्रमणमा खेलाडीहरूका परिवारका सदस्यहरू उपस्थित हुँदा ध्यान भंग हुन सक्छ।
त्यसैगरी, भारतले पहिलो टेस्ट जितेपछि खेलाडीहरूले आफ्नो परिवारहरूसँग मात्र खुसी मनाएको र सम्पूर्ण टोलीसँग उत्सव नगरेको भन्ने हल्ला पनि चलेको छ।
Yahoo Sport का अनुसार, एक स्टाफ सदस्यले टोलीलाई सँगै राख्नका लागि आफ्नै क्रेडिट कार्ड प्रयोग गरेर पार्टीको खर्च तिर्न प्रस्ताव गरेका थिए, तर उक्त प्रस्ताव अस्वीकार गरिएको थियो।
अब, भारतीय क्रिकेट नियन्त्रण बोर्ड (BCCI) ले खेलाडीहरूका जीवनसंगीहरू लामो भ्रमणमा जान पाउने समय सीमित गर्ने निर्णय गरेको छ।
नयाँ नियमअनुसार, छ हप्ताभन्दा लामो भ्रमणमा श्रीमतीहरू अधिकतम दुई हप्तासम्म मात्र खेलाडीहरूसँग बस्न पाउनेछन्, जबकि छोटो भ्रमणमा केवल सात दिनको अनुमति दिइनेछ।
भारतीय खेल पत्रकार सुरेश मेननले यस प्रतिबन्धको कडा आलोचना गर्दै यसलाई "हास्यास्पद" भनेका छन्। उनले याद दिलाए कि जब कोहलीको प्रदर्शन कमजोर भएको थियो, त्यसको दोष अनुष्का शर्माको उपस्थितिलाई दिइएको थियो।
तर, जब कोहलीले उनको साथमै रहँदा शतक प्रहार गरे, कसैले पनि उनको सफलतामा शर्माको समर्थनको श्रेय दिएन।



# लामार ज्याक्सनको दुई शब्दको गहन सन्देशले उनले सुपर बाउल जित्न कति धेरै चाहन्छन् भन्ने देखाउँछ।



■ आर्थिक संस्कार

बाल्टिमोर रेवेन्सका नेता लामार ज्याक्सन NFL का उत्कृष्ट क्वार्टरब्याकमध्ये एक हुन् र चाँडै नै आफ्नो तेस्रो MVP अवार्ड जित्न सक्ने सम्भावना छ, जसले उनलाई खेल इतिहासका महान खेलाडीहरू मध्ये एकमा स्थान दिनेछ। तर, "एक्सन ज्याक्सन" २०२४ प्लेअफमा प्रवेश गर्दा अझै पहिलो सुपर बाउल ट्रफीको खोजीमा छन्, जसले उनलाई नयाँ स्तरको ध्यान र एकाग्रता ल्याएको छ।
पछिल्लो सप्ताहन्त बाल्टिमोरले पिट्सबर्ग स्टिलर्सलाई २८-१४ को घरेलु जितसँगै प्लेअफबाट बाहिर गरेको थियो। तर, ज्याक्सनको ध्यान अगाडिको खेलमा र त्यो ट्रफीमा केन्द्रित थियो, जसले उनको महानतामाथि उठिरहेका सबै प्रश्नहरू समाप्त गर्नेछ।
"एक भयो, अब तीन बाँकी," ज्याक्सनले भने, रेवेन्सलाई लोम्बार्डी ट्रफी उचाल्न अझै तीन खेल जित्नुपर्ने तथ्यलाई इंगित गर्दै।
त्यसपछि, २०२४ मा ४५ संयुक्त पासिङ र रशिङ टचडाउन गरेका यो क्वार्टरब्याकले बाँकी सम्पूर्ण लिगलाई सतर्क पार्दै दुई शब्दको गहन सन्देश दिए।

# प्रचण्डलाई भावुक बनाउने पूर्वकमाण्डरको प्रस्तुति



■ आर्थिक संस्कार

आफ्ना मतदातालाई धन्यवाद दिन आएका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ९प्रचण्ड0 एकाएक भावुक ! यो दृश्य हो मोरङको ग्रामथान गाउँपालिकामा हिजो भएको सभाको । गत मंसिर १६ गते भएको स्थानीय तहको उपनिर्वाचनमा माओवादीको उम्मेदवारलाई जिताएको खुशीयालीमा हिजो धुमधामसँग कार्यक्रम भएको थियो । विभिन्न झाँकी, बाजागाजा, नाँचगानसहित आयोजित सभामा मोरङका पार्टी ईन्चार्ज कुशल लिम्बु ९शाम्बा0 ले पूर्व लडाकुको भेषमा प्रस्तुति दिएका थिए ।
खुकुरी नचाउँदै जनमुक्ति सेनाको झल्को दिने खालको अभिनय प्रस्तुत गरेपछि प्रचण्ड भावुक बनेका हुन् । "म मरे भने साथी हो" बोलको गीतमा रगतले लत्पतिएको घाइते सेनाको अभिनय गरेका उनको नृत्य निकै कारुणिक थियो ।

आफैं पूर्वजनमुक्ति सेनाको लडाकु कमाण्डर रहेका लिम्बुको उक्त नृत्यले प्रचण्डलाई मात्र होइन्, सचिव सितल कुमार, प्रदेशसचिव सह-ईन्चार्ज सावित्रीकुमार काफ्ले, प्रदेश अध्यक्ष हर्क नेम्वाङ्, पूर्वमन्त्री ईन्द्रबहादुर आङ्बोलगायतलाई भावविहल बनायो । जनयुद्धको इतिहास सम्झाउने उक्त नृत्यको प्रशंसा गर्दै उपस्थितहरुले राजनीतिक परिवर्तनमा हजारौं उत्पीडन समुदायको त्याग र बलिदान सम्झिए । ईन्चार्ज लिम्बुको जनयुद्धकालीन अभिनयको तारिफ गर्दै मोरङ क्षेत्र नम्बर ६ ९१0 का प्रदेश सांसद तथा केन्द्रीय सदस्य जीवन आचार्यले माओवादी आन्दोलनको गर्विलो इतिहास बुझाउने नृत्य गरेकोमा धन्यवाद दिएका छन् ।

"प्रिय कमरेड कुशल ! आजको तपाईंको बेजोड प्रस्तुतिमा जनताको भावुकताले पक्कै पनि सुनौंलो भविष्यको संकेत गरेको आभाष भएको छ",उनले सामाजिक सञ्जालमा लेखेका छन्,"आजको पुस्तालाई माओवादी आन्दोलनको गर्विलो इतिहास बुझाउने गरी गर्नुभएको अभिनयका लागि धेरै धेरै धन्यवाद !" हाल माओवादीको केन्द्रीय सदस्यसमेत रहेका जिल्ला ईन्चार्ज लिम्बु मोरङको टाँडी निवासी हुन् । उनी जनयुद्धकालमा होलटाइमर लडाकु कमाण्डर थिए ।

# चोरी गर्न गएका शहजादले एक करोड भारू मागे, सैफ अली खानसँगको झगडापछि साढे २ इन्च लामो छुरा हानेर भागे



■ आर्थिक संस्कार

प्रहरीका अनुसार, आरोपितले सैफको घरमा प्रवेश गर्न भवनका ती सिँढी प्रयोग गरेका थिए, जुन आगलागीको समयमा बच्न र बचाउन प्रयोग गरिन्छ।
प्रहरीले अनुसन्धानका क्रममा भवनको सीसीटीभी फुटेज हेरेको थियो। आक्रमणपछि सोसल मिडियामा एउटा फुटेज "भाइरल" भएको थियो, त्यो सैफको भवनको भएको बताइएको थियो।
उक्त फुटेजमा एक पुरुषले खैरो कलरको टिसर्ट लगाएका देखिएको थियो। भिडियोमा ती व्यक्तिले स्कार्फ लगाएका र सिँढीबाट तल आर्लिरहेका देखिन्छ।
समाचार एजेन्सी पीटीआईका अनुसार, स्टाफ नर्स इलियामा फिलिप्सले प्रहरीलाई दिएको उजुरीमा आक्रमणकारीले एक करोड भारू मागेको बताएकी छन्। उजुरीमा उल्लेख भएअनुसार ती व्यक्ति सुरूमा सैफ र करिनाका कान्छा छोरा जेहको कोठामा पसेका थिए।
ती नर्सले प्रहरीलाई बताएअनुसार राति २ बजे उनले जेहको कोठाबाट कुनै आवाज सुनेको र बाथरूमको बत्ती पनि बलेको देखेकी थिइन्।
ती नर्सले भनेकी छन्,"म बाथरूममा को छ भनेर हेर्न उठें, त्यसपछि मैले एक दुब्लो मानिसलाई जेहको ओछ्यानतिर हिँडिरहेको देखें। त्यो व्यक्तिको देब्रे हातमा लट्ठी र दाहिने हातमा धारिलो ब्लेड थियो।"
उनले आफूलाई ब्लेडले नाडीमा प्रहार गरेको बताएकी छन्। उनले भनेकी छन्,"मैले उनलाई के चाहनुहुन्छ भनेर सोधेँ। उनले एक करोड रूपैयाँ भने।"
त्यसपछि सैफ र करिना पनि त्यहाँ पुगेका थिए। अनि, ती व्यक्तिले सैफमाथि आक्रमण गरे। सैफमाथि आक्रमण गरेपछि घरका बाँकी कर्मचारी पनि दौडिएर आइपुगेका थिए।
बयानका अनुसार, ती व्यक्तिले सैफसँग झगडा गर्न थाले। तर, केही समयपछि मुख्य ढोका खुला थियो र आक्रमणकारी भागेका थिए।
सैफ ३० वर्षदेखि बलिउड सिनेमामा काम गरिरहेका छन्।
(बिबिसी हिन्दी एजेन्सी ₹ बलिउड अभिनेता सैफ अली खानमाथि आक्रमण गर्ने व्यक्ति बंगलादेशी नागरिक हुन सक्ने मुम्बई प्रहरीले जनाएको छ। आरोपितलाई आइतबार बिहान स्थानीय समयअनुसार ३:३० बजे पक्राउ गरिएको थियो।

# सरकारी ऋण २५ खर्ब ३६ अर्ब नाघ्यो




■ आर्थिक संस्कार

काठमाडौं । चालु आर्थिक वर्ष २०८१र८२ को अर्धवार्षिक समीक्षा अवधिसम्म सरकारको तिर्न बाँकी ऋण रू २५ खर्ब ३६ अर्ब नाघेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्रकाशित गरेको गत पुस मसान्तसम्मको ऋणको प्रतिवेदनअनुसार पछिल्लो छ महिनामा मात्र रू एक खर्ब दुई अर्ब सरकारी ऋण थपिएको छ ।
"चालु आर्थिक वर्षको सुरुमा सार्वजनिक ऋण रू २४ खर्ब ३४ अर्ब नौ करोड रहेकामा पुस मसान्तसम्ममा रू एक खर्ब दुई अर्ब तीन करोड थप वृद्धि भई कूल सार्वजनिक ऋणको दायित्व रू २५ खर्ब ३६ अर्ब १३ करोड पुगेको छ । जुन कूल गार्हस्थ्य उत्पादनको ४४ दशमलव ४६ प्रतिशत हुन आउँछ", कार्यालयको प्रतिवेदनमा भनिएको छ ।
कूल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५१ दशमलव ३१ प्रतिशत अर्थात् रू १३ खर्ब एक अर्ब ४१ करोड ७३ लाख बराबर छ । कूल गार्हस्थ्य उत्पादनसँग बाह्य ऋणको अनुपात २२ दशमलव ८१ प्रतिशत हो । त्यस्तै, कूल सार्वजनिक ऋणमा आन्तरिक ऋणको हिस्सा ४८ दशमलव ६८ अर्थात् रू १२ खर्ब ३४ अर्ब ७१ करोड ४१ लाख बराबर छ । कूल गार्हस्थ्य उत्पादनको आधारमा आन्तरिक ऋणको प्रतिशत २१ दशमलव ६४ प्रतिशत हो ।
सरकारले चालु आर्थिक वर्षमा कूल रू पाँच खर्ब ४७ खर्ब ऋण उठाउने लक्ष्य राखेकामा गत पुस मसान्तसम्ममा रू दुई खर्ब ४० अर्ब आठ करोड ऋण प्राप्ति भएको कार्यालयले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा हालसम्मको ऋण प्राप्ति ४३ दशमलव ८९ प्रतिशत हो ।
चालु आर्थिक वर्षका लागि रू तीन खर्ब ३० अर्ब आन्तरिक ऋण उठाउने सरकारको लक्ष्य रहेकोमा पुस मसान्तसम्ममा रू एक खर्ब ८१ अर्ब पाँच करोड अर्थात् वार्षिक लक्ष्यको ५४ दशमलव ८६ प्रतिशत ऋण उठाइएको छ । त्यस्तै रू दुई खर्ब १७ अर्ब आन्तरिक ऋण उठाउने वार्षिक लक्ष्य रहेकामा पुस मसान्तसम्ममा २७ दशमलव २० प्रतिशत अर्थात् रू ५९ अर्ब तीन करोड प्राप्ति भएको छ ।
सार्वजनिक ऋणको साँवा ब्याज तिर्नका लागि सरकारले चालु आर्थिक वर्षका लागि रू चार खर्ब दुई अर्ब ८५ करोड विनियोजन गरेको छ । गत पुस मसान्तसम्ममा साँवा ब्याज तिर्न रू एक खर्ब ८२ अर्ब ४० करोड खर्च भएको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा ४५ दशमलव २८ प्रतिशत हो । कूल गार्हस्थ्य उत्पादनका आधारमा पुस मसान्तसम्ममा कूल ऋण सेवा खर्च तीन दशमलव २० प्रतिशत रहेको कार्यालयले जनाएको छ ।



# कोशीका पूर्वमुख्यमन्त्री थापामाथि आक्रमण गर्नेलाई कारबाही गर्न कांग्रेसको माग

■ आर्थिक संस्कार

नेपाली कांग्रेसले कोशीका पूर्वमुख्यमन्त्री उद्धव थापामाथि आक्रमण गर्नेलाई कारबाही गर्न माग गरेको छ।
मुख्यसचिव कृष्णप्रसाद पौडेलले आइतबार विज्ञप्ति जारी गर्दै पूर्वमुख्यमन्त्रीसमेत रहेका कोशी कांग्रेस सभापति एवं संसदीय दल नेता थापामाथि झापामा शनिबार भएको आक्रमणको निन्दा गरिएको उल्लेख छ।
झापाको कन्काई नगरपालिकाको सुरुङ्गानजिक थापामाथि आक्रमण भएको थियो। उनको निधारमा चोट लागेको छ।
कांग्रेसले घटनाको यथार्थ छानबिन गरेर अराजक र आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूलाई कारबाहीका लागि सरकारसँग गरेको हो।
कोशीका पूर्वमुख्यमन्त्री थापामाथि आक्रमण
कोशीका पूर्वमुख्यमन्त्री एवं नेपाली कांग्रेस कोशी प्रदेश सभापति उद्धव थापामाथि शनिबार झापामा आक्रमण भएको छ।
कनकाईस्थित दोमुखा क्षेत्रमा नेपाल प्रेस युनियनको कार्यक्रममा सहभागी भएर फर्किँदै गरेका थापामाथि जामुनबारी चोकमा आक्रमण भएको हो।

Hearty Congratulations!
We extend our hearty congratulations and best wishes to
HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.
32 years is noteworthy. Many congratulations
on achieving this significant milestones.
Happy glorious 32nd Anniversary

Salt Trading Corporation Limited
Kalimati, Kathmandu

THAKRAL ONE
Thakral One Nepal Pvt. Ltd.
3rd Floor, "Charter Tower", Sano Gaucharan
Gyaneshwor, Kathmandu, Nepal, P.O. Box No. 4712
Tel: +977-1-4539614/4539615/4539616
Fax: +977-1-4538744
Email: info.np@thakralone.com
www.thakralone.com

Khemraj Bhandari
Managing Director
(शान्ति, स्थीरता र विकाश)
Kantipur Security Service Pvt. Ltd.
Chabhil-7, Kathmandu
Tel: 4580789, 5910424
E: info@kantipursecurity.com
Website: www.kantipursecurity.com

(The largest & biggest supermarket in Nepal)
BBSM
भाट-भटेनी
BHATBHATENI SUPERMARKET
KATHMANDU, NEPAL

CAS TOTAL SOLUTIONS 34
CAS TRADING HOUSE PVT. LTD.
Post Box Office No: 2932
NEW PLAZA, PUTALISADAK
KATHMANDU, NEPAL
Tel: 4538039, 4540270
E-mail: info@cas.com.np
Web: www.cas.com.np

K Four Security Service Pvt. Ltd.
Bansbari-3, Kathmandu
Tel: 5911813, 5911814
E-mail: info@kfoursecurity.com.np
Website: www.kfoursecurity.com.np

CAN Info-Tech 2025
30th Nepal Information, Technology, Entertainment Show & Conference
6-10 February, 2025 (२०८१ साल माघ २४ गते देखि २८ गते सम्म)
Bhirkutimandap, Exhibition Road, Kathmandu (भृकुटीमण्डप, प्रदर्शनी मार्ग, काठमाडौं)

# क्यान इन्फोटेक २०२५ माघ २४ गतेदेखि सुरू, स्टल बुकिङ खुला

■ आर्थिक संस्कार

क्यान महासंघले हरेक वर्ष आयोजना गर्दै आएको बृहत् सूचना तथा सञ्चार प्रविधि प्रदर्शनी,क्यान इन्फोटेक, को ३०औं संस्करण आगामी माघ २४ गतेदेखि २८ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा हुने भएको छ।
नेपालकै ठूलो सूचना प्रविधि प्रदर्शनी मानिने क्यान इन्फोटेकमा यस पटक सूचना प्रविधिका नयाँ-नयाँ आविष्कार र प्रविधि समाधानलाई व्यापक रूपमा समेटिनेछ। क्यान इन्फोटेकको ३०औं संस्करणको मिति घोषणासँगै टाइटल स्पोन्सर, इन एसोसिएसन विथ, प्लाटिनम, डायमण्ड, गोल्ड र सिल्भर स्पोन्सरका साथै अन्य प्रायोजन तथा साझेदारीका निम्ति प्रस्ताव खुला भएको छ।